मजदुर विज्ञापन शाखा
नागाचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १२२ ★ ने. सं. ११४६ अनाला थ्व, नवमी ★ सोमबार ★ ११ जेठ, २०८३ ★ May 25, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




संरा अमेरिकाको मिचिगन राज्यको डेट्रोइट सहरमा क्युवामाथि संरा अमेरिकी सरकारले लगाएको क्रुर आर्थिक तथा व्यापारिक नाकाबन्दीको विरोध गर्दै 'क्युवालाई बाँच्न देऊ ' भन्ने नाराका साथ प्रदर्शनमा उत्रेका अमेरिकी कम्युनिस्टहरू मे २३, २०२४ को दिन । संरा अमेरिकी सरकारले क्युवाविरुद्धको नाकाबन्दीलाई कडा पार्दै सैनिक आक्रमणको समेत तयारी गरेको छ । *तस्बिर : अमेरिकी कम्युनिष्ट पार्टी/ग्रान्मा*

# कृत्रिम बौद्धिकताबारे तालिम सम्पन्न



भक्तपुर, १० जेठ । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ जिल्ला समिति भक्तपुरको आयोजनामा शिक्षकहरूको लागि सञ्चालित दुई दिनको कृत्रिम बौद्धिक (एआई) सम्बन्धी तालिम आइतबार सम्पन्न भयो ।

तालिममा सहभागी शिक्षकहरूलाई प्रमाणपत्र र प्रशिक्षकहरूलाई धन्यवाद पत्र वितरण गर्दै नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले तालिममा प्राप्त ज्ञानलाई व्यवहारमा लैजान आ-आफ्ना विद्यालयका शिक्षकहरूलाई पनि सिकाउनु उपयुक्त हुने धारणा राख्नुभयो ।

केही विज्ञहरूले सधैं लिफ्टमा मात्र चढिए शरिरका मांसपेशी कमजोर हुने भनेजस्तै कृत्रिम बौद्धिकतामा धेरै निर्भर हुँदा आफैप्रति शङ्का उत्पन्न हुने र आत्मविश्वास घट्न सक्नेतर्फ सबै सचेत हुनुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो ।

तालिममा सहभागी शिक्षकहरू सरिता लामा र कृष्णराम त्वानाबासुले तालिममा प्राप्त अनुभवबारे प्रकाश पार्नुभयो भने प्रशिक्षक रमेश प्रजापतिले साइबर अपराधबारे पनि सबै सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रमको सभापतित्व शिक्षक गणेशराम थुसाले गर्नुभएको थियो ।

# सर्वहारा वर्गीय भावनाको अर्थ के हो ?

बोलीचालीमा नेपाली समाजमा 'सर्वहारा' वर्गीय भावनालाई मजदुर वर्गीय भावनाको रूपमा लिने गरेको अनुभव हुन्छ । काम गरी खाने कामदार तथा ज्यामीहरूलाई 'सर्वहारा' वर्गको रूपमा लिने गरिन्छ । तर, शारीरिक र मानसिकरूपले काम गरी खाने व्यक्ति वा समुदायलाई मजदुरवर्गको रूपमा लिइन्छ । उत्पादनको साधन वा सेवामा मजदुरवर्गको आफ्नो स्वामित्व हुँदैन । ती असङ्गठित तथा उत्पादनको साधन र सेवामा स्वामित्व नभएका मजदुरहरूलाई बोलीचालीको भाषामा मजदुर भनिए पनि तिनीहरूमा पनि 'पुँजीवादी' भावना हुन्छ ।

खेतको सानो टुक्रा, सानो घर तथा कोठा र माथिल्लो दर्जाको शैक्षिक प्रमाणपत्रलाई समेत रोजगारीको ज्यावलको रूपमा लिइन्छ । सामन्ती समाजको अवशेष नमेटिएको नेपाली समाजमा पुरानो पारिवारिक नाम ब्राह्मण र क्षेत्रीजस्तै जिल्ला र ठाउँ नै एक प्रकारको प्रमाणपत्र हुने गरेको देखिन्छ । तर, यसलाई वर्गको रूपमा हेरिनु हुन्न । निश्चित पारिवारिक नामका अत्यन्त बहुमत जनता पनि दलित र पीडित छन् । सिंहदरबार र माथिल्ला सरकारी पदमा पुगेका कर्मचारीहरूमा भने सामन्ती र पुँजीवादी प्रवृत्ति भएको कारण 'कर्मचारी युनियन' को माध्यमबाट आफ्नो 'पारिवारिक' भावनाअनुसार मजदुर वर्गीय भावनाविपरीत काम गर्दै आएको अनुभव सबैले गरेका छन् ।

मजदुर वर्गीय र पुँजीपति वर्गीय भावनाबिचको भेद कसरी छुट्याउन सकिन्छ ? मजदुरहरू जात, धर्म र ठाउँको कारणले होइन आफ्नो मेहनत र सीपअनुसार आफ्नो ज्याला, पारिश्रमिक र तलबमा बाँच्न खोज्छन् । तिनीहरू दास युग र सामन्ती समाजको पृष्ठभूमि एवम् संस्कारप्रति भन्दा आफ्नो मेहनत र सीपमै विश्वास गर्छन् । तर, मजदुर भई ज्यालामा बाँच्ने भए पनि आर्थिकरूपमा सम्पन्न हुनमात्र खोज्ने व्यक्ति यथार्थमा 'मजदुर' भावना नभएका हुन्छन् । यसको ठीक उल्टो आर्थिक र सामाजिकरूपले तथा प्रमाणपत्रको हिसाबले माथिल्लो वर्गको पृष्ठभूमि भए पनि आफ्नै बल, बुद्धि, सीप र परिश्रममाथि नै विश्वास गर्ने व्यक्तिमा 'मजदुर वर्गीय' भावना हुन्छ ।

वर्गीयरूपले सङ्गठित तथा समाजवाद र समाजवादी क्रान्तिबाट शिक्षित एवम् दीक्षित, सामाजिक र आर्थिकरूपले आफ्नो मेहनत र सीपमा बाँच्ने मजदुर तथा कुनै व्यक्ति र समुदायमात्र 'सर्वहारावर्गको भावना भएको व्यक्ति वा समाज' हुन्छ । सन् १८७०-१८७१ मा पेरिसका क्रान्तिकारी मजदुरहरूले आफ्नो वर्गीय राज्य 'पेरिस कम्युन' को स्थापनाको निम्ति एक व्यक्तिसँग भएको बन्दुकमा अन्तिम गोली भएसम्म त्यो रातो झन्डालाई खस्न र ढल्न दिएनन् । जिउँदै पक्राउ परेका मजदुरहरूले आफ्नो ज्यानको निम्ति 'पुँजीवादी अदालत' मा कहिल्यै माफी मागेनन् बरू अर्को जन्म भएमा फेरि आफ्नो वर्ग र वर्गीय शासनको निम्ति लड्ने दृढता र अडान कायम राखे । त्यही हो 'सर्वहारा वर्गीय भावना' । नेपालमा एमाले र काङ्ग्रेसी नेतृत्वका 'कर्मचारी युनियन', 'मजदुर युनियन' र डाक्टर, इन्जिनियर, पत्रकार, शिक्षक, प्राध्यापक, कानुन व्यवसायी आदि शारीरिक तथा बौद्धिक श्रमसँग सम्बन्धित पेसागत सङ्गठनहरू मजदुर भावनाभन्दा व्यवहारमा 'पुँजीवादी' भावनाबाट प्रभावित छन् । आफू जुनसुकै पेसामा भए पनि पेसाप्रति इमानदार, पीडितवर्गको हित एवम् देश र समाजवादजस्तो प्रगतिशील समाजप्रति आस्थावान् तथा त्यसको निम्ति लड्ने सङ्कल्प भएका व्यक्ति र समुदाय मात्रै 'मजदुर भावना' भएको व्यक्ति र समुदाय हुनेछ ।

आफ्नो स्वार्थको निम्ति समाज, देश र कामदारवर्गको अहित वा भविष्य (समाजवाद) को निम्ति अहित गर्ने व्यक्ति, समाज र संस्था नामले 'कम्युनिस्ट', 'समाजवादी' वा 'प्रजातन्त्रवादी' भनिए पनि तिनीहरू सामन्तवादी र पुँजीवादी नै हुन्छन् ।

काम नगरी खाने होइन, योग्यताअनुसार काम गर्ने र कामअनुसार मात्रै 'ज्याला' र 'तलब' वा 'पारिश्रमिक' खोज्ने व्यक्ति मात्र 'मजदुर' हुन् । धेरै बिदा खोज्ने, अयोग्य भए पनि माथिल्लो पद खोज्ने र बढी सहुलियत लिने प्रवृत्तिको विकासले 'समाजवादी' देश रुसमा समेत पुँजीवादको पुनः स्थापना भयो । सोभियत रुसमा दिनको ८ घण्टा कामको समयमा थप दुई घण्टा बढी काम गरी देश र समाजवादको निम्ति योगदान पुऱ्याएका लाखौं मजदुरले समाजवादलाई बलियो बनाएका थिए । त्यस भावनामा खिया लागेपछि समाजवादको पतन भयो ।

***३ जेठ, २०७९ (१७ मे, २०२२)***
***स्रोत : सम्पादकीय सङ्कलन - ३***

व्यङ्ग्यचित्र कुनो




# सम्भावित सम्झौताबारे इरान र अमेरिकाको फरक फरक व्याख्या

तेहरान, १० जेठ (एएफपी) । संयुक्त राज्य अमेरिका र इरान मध्यपूर्वमा फैलिएको र विश्व तेल बजारमा अवरोध पुऱ्याउने युद्धको अन्त्य गर्ने सम्झौताको नजिक देखिएका छन् ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले विश्वले केही राम्रो समाचार प्राप्त गर्न सक्ने बताए लगत्तै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'स्ट्रेट अफ हर्मुज' पुनः खोल्ने सम्झौता भएको घोषणा गरे ।

ट्रम्पको घोषणाअघि इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बघाईले वासिङटनसँग 'मेलमिलापको श्रृङ्खला' को सम्भावना रहेको तर यसको मतलब इरान र संयुक्त राज्य अमेरिकासँग महत्त्वपूर्ण मुद्दाहरूमा एक सम्झौतामा पुग्ने निश्चित भएको भन्ने अझै होइन ।

उनले सरकारी टेलिभिजनमा ३० देखि ६० दिनभित्र अन्तिम सम्झौता हुनुअघि इरानको सबैभन्दा पहिले समझदारी पत्र, एक प्रकारको मस्यौदा तयार पार्ने मनसाय रहेको बताए ।

अमेरिकी राष्ट्रपति ट्रम्पसँग साउदी अरब, संयुक्त अरब इमिरेट्स, कतार, इजिप्ट, जोर्डन र बहराइनका नेताहरूका साथै टर्की र पाकिस्तानका प्रतिनिधिहरूले शनिबार कुराकानी गरेका थिए ।

गत अप्रिलमा अमेरिका र इरानी प्रतिनिधिमण्डलबिच ऐतिहासिक साक्षात्कारमा मध्यस्थता गरेको पाकिस्तानका प्रधानमन्त्री शहबाज शरिफले 'चाँडै नै अर्को चरणको वार्ता' आयोजना गर्ने आशा गरेको बताए ।

युद्धविराम विस्तारको सङ्केत

अमेरिका र इरानबिच जारी तनाव कम गर्ने प्रयासस्वरूप ६० दिनसम्म युद्धविराम विस्तार गर्ने सम्भावित सहमतितर्फ वार्ता अघि बढिरहेको प्रतिवेदन सार्वजनिक भएको छ । कूटनीतिक स्रोतहरूका अनुसार दुवै पक्ष सम्झौताको नजिक पुगेका छन् भने क्षेत्रीय मध्यस्थताले पनि संवाद प्रक्रियालाई गति दिएको बताइएको छ ।

पाकिस्तानका लागि इरानका राजदूत रेजा अमिरी मोघदमले वार्तामा मर्यादा र पारस्परिक सम्मानका आधारमा सकारात्मक प्रगति भएको बताए । उनले कूटनीतिक प्रयासले क्षेत्रीय स्तरमा दिगो शान्ति स्थापना गर्न सहयोग पुग्ने आशा व्यक्त गरे ।

मोघदमका अनुसार पाकिस्तानका गृहमन्त्री मोहसिन नकवीले तेहरान भ्रमणपछि इरानी अधिकारीहरूसँग भएका छलफलको उपलब्धिबारे आफूलाई बधाई दिए । उनले सावधानीपूर्ण आशावाद व्यक्त गर्दै अर्को पक्षले पर्याप्त प्रतिबद्धता देखाए सकारात्मक परिणाम सम्भव रहेको उल्लेख गरे ।

उनका अनुसार सम्भावित

***बाँकी पृष्ठ ८ मा***

# वित्तीय बजारमा सहकारीको अवस्था र सम्पत्ति शुद्धीकरणसम्बन्धी ऋणी र सदस्यहरूलाई जानकारी एवं छलफल




भक्तपुर, १० जेठ । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को ऋण उपसमितिको आयोजनामा हालको वित्तीय बजारमा सहकारीको अवस्था र सम्पत्ति शुद्धीकरणसम्बन्धी ऋणी र सदस्यहरूलाई जानकारी एवं छलफल कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले सिद्धि गणेश साकोस नीति नियमको पालना गरी सञ्चालन हुँदै आएको चर्चा गर्दै अध्यादेशमार्फत सहकारी ऐन २०७४ मा भएका विभिन्न परिवर्तनबारे जानकारी दिनुभयो ।

उहाँले संस्था राष्ट्रिय सहकारी नियमन प्राधिकरण र कर्जा सूचना केन्द्रमा दर्ता भइसकेको जानकारी दिँदै ऋण उपभोग गर्न पाउनु सदस्यको अधिकार रहेको र समयमै ऋणको साँवा ब्याज भुक्तानी गर्नु सदस्यको दायित्व रहेको बताउनुभयो ।

संस्थाका सञ्चालक सदस्य एवं कार्यक्रम सहजकर्ता कृष्णगोविन्द लाखाजुले ऋण अधिकार होइन, सुविधा मात्र हो जुन समयमै चुक्ता गर्नुपर्ने बताउँदै ऋण स्वनिर्भर र सम्मानित जीवनका लागि हो भन्नुभयो ।

उहाँले भाखा नाघेको ऋणको कारण ऋण सुरक्षण कोषको व्यवस्था गर्नुपर्ने बताउँदै सो कोषको व्यवस्थाले संस्थाबाट वितरण हुने लाभांशमा प्रत्यक्ष असर गर्ने उल्लेख गर्नुभयो ।

उहाँले हाल वित्तीय बजारमा ३२ हजार ९५६ सहकारी संस्थाहरू रहेको जानकारी दिँदै देशको अर्थतन्त्रमा १६ प्रतिशत सहकारी क्षेत्रको योगदान रहेको उल्लेख गर्नुभयो ।

संस्थाका सञ्चालक सदस्य एवं ऋण उपसमिति संयोजक रामचन्द्र दुमरुले ऋणी तथा सदस्यहरूलाई बजारको वित्तीय अवस्थाबारे जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउँदै संस्थाको ऋण नीति र सुविधामा भएका संशोधनबारे जानकारी दिनुभयो ।

उहाँले संस्थामा उपलब्ध विभिन्न ऋण सुविधाहरूबारे जानकारी दिँदै सो सुविधाहरूको ऋण सीमाबारे चर्चा गर्नुभयो । कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाईले पनि बोल्नुभएको थियो ।

# परीक्षामा 'ए' प्लसभन्दा जीवनलाई 'ए' प्लस बनाउनु जरुरी




भक्तपुर, १० जेठ । एसईई २०८२ उत्तीर्ण विद्यार्थीहरूलाई ख्वप्रिङ इङलिस एकेडेमी लिबालीले अभिनन्दन कार्यक्रम शनिबार सम्पन्न गऱ्यो । प्रा.डा. रामप्रसाद ज्ञवालीको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले एसईई उत्तीर्ण विद्यार्थीहरूलाई बधाईज्ञापन गर्दै परीक्षाको उच्च जीपीएभन्दा पनि व्यावहारिक र अनुशासित हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "दियोको पाला सुनको होस् या चाँदीको, त्यो भन्दा मुख्य कुरा दियोले दिने उज्यालो नै हो । परीक्षामा 'ए' प्लस जीपीएभन्दा पनि जीवनलाई 'ए' प्लस बनाउन सक्नु मुख्य हुन्छ । जीपीए विद्यार्थीको बाह्य रूप हो; त्योभन्दा पनि विद्यार्थीको भित्री मन असल हुनुपर्छ; व्यवहार अनुशासित हुनुपर्छ ।"

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याखवले विद्यार्थीहरूलाई अरूको लहैलहैमा नलागी आफू आफै सम्हालिएर हिंड्न सुझाव दिँदै गलत सङ्गतबाट जोगिएर अघि बढ्नुपर्ने बताउनुभयो ।

अतिथि डा. बलराम दुवालले आफूसँग भएको सीपलाई व्यावहारिक रूपमा उत्तार्नु नै व्यवस्थापन रहेको बताउनुभयो भने आईटी विज्ञ गोपाल किसीले शैक्षिक योग्यतासँगै हातमा सीप पनि हुनुपर्नेमा जोड दिनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दीपेन्द्र प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रिन्सिपल विनोद प्रजापति, भाइस प्रिन्सिपल निराजन प्रजापति, पूर्वविद्यार्थी पूजा खड्का र एसईई २०८२ का प्रतिनिधि आरुष प्रजापतिले पनि बोल्नुभएको थियो ।

# नेपाल–चीन सीमा बैठक: सीमा अपराध नियन्त्रण तथा नागरिक सुरक्षा प्राथमिकतामा

धुन्चे (रसुवा), १० जेठ । नेपाल र चीनबिचको नियमित सीमा समन्वय बैठक रसुवाको धुन्चेस्थित जिल्ला प्रशासन कार्यालयमा सम्पन्न भएको छ । बैठकमा नेपाली पक्षको नेतृत्व रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले गर्नुभएको थियो भने चिनियाँ पक्षको नेतृत्व चिनियाँ अधिकारी चु जिनसाउनले गर्नुभएको थियो ।

दुई देशका अधिकारीबिच शनिबार भएको छलफलमा सीमा सुरक्षा, व्यापार सहजीकरण, आपसी समन्वय, सीमा अपराध नियन्त्रण तथा नागरिक सुरक्षालाई थप प्रभावकारी बनाउने विषयमा विशेष जोड दिइएको बताइएको छ ।

नेपाल-चीनबिच लामो समयदेखि रहँदै आएको ऐतिहासिक मित्रता, आपसी विश्वास र सहकार्यलाई अझ सुदृढ बनाउने दिशामा बैठक फलदायी भएको सहभागी अधिकारीहरूले बताएका छन् । हिमाली क्षेत्रका जनताको दैनिकी, व्यापार तथा आवतजावतलाई सहज बनाउने विषयमा दुवै पक्ष सकारात्मक देखिएका छन् ।

कामका सिलसिलामा केरुङ क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकको सुरक्षा, स्वास्थ्य उपचार र आवश्यक सहजीकरणका विषयमा नेपाली पक्षले चिनियाँ अधिकारीसमक्ष विशेष आग्रह गरेको जनाइएको छ । सीमा क्षेत्रबाट हुनसक्ने अवैध कारोबार तथा आपराधिक गतिविधि नियन्त्रणका लागि दुवै देशका सुरक्षा निकायलाई थप चनाखो र समन्वयात्मक रूपमा परिचालन गर्ने समझदारी भएको छ ।

विशेषगरी रसुवा बाहिरबाट आएका नेपाली सवारी चालकलाई समेत आवश्यक प्रक्रिया पूरा गरी केरुङ जान दिने विषयमा सकारात्मक छलफल भएको छ । राहदानी भएका र असल चालचलनका चालकलाई क्रमश: सहजीकरण गर्न सकिने सङ्केत चिनियाँ पक्षबाट आएपछि नेपाली सवारी चालक तथा व्यवसायीमा उत्साह थपिएको छ ।

यसअघि जिल्लाका चालकलाई मात्र प्राथमिकता दिने चिनियाँ प्रावधानमा केही लचकता आउने सङ्केत देखिएसँगै व्यापार तथा ढुवानी क्षेत्र थप चलायमान बन्ने अपेक्षा गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयका अनुसार नेपाल र चीनबिच सीमा क्षेत्रमा देखिने समस्या समाधान, सुरक्षा समन्वय तथा आपसी सहकार्यलाई निरन्तरता दिन कहिले केरुङ र कहिले रसुवामा आलोपालो बैठक बस्ने प्रावधानअनुसार यस्ता बैठक नियमित रूपमा सञ्चालन हुँदै आएका छन् ।

सीमा क्षेत्रमा देखिएको सकारात्मक वातावरण, व्यापारिक गतिविधिमा बढ्दो सहजता तथा दुई देशबिचको मित्रवत् सम्बन्धले रसुवासहित समग्र उत्तरी नाका क्षेत्रमा नयाँ आशा र उत्साह थपिएको स्थानीय समाजसेवी मिलन तामाङले प्रतिक्रिया दिनुभयो । ***(रासस)***

# बाराही साकोसद्वारा आयोजित दुईदिने मिठाइ बनाउने तालिम



भक्तपुर, १० जेठ । बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेड ( साकोस) को आयोजनामा सदस्यहरूका लागि सञ्चालित दुईदिने मिठाइ बनाउने तालिम सम्पन्न भयो । शेयर सदस्यहरूलाई स्वरोजगार बनाउने र परम्परागत सीपलाई व्यावसायिक रूप दिने उद्देश्यका साथ यो तालिम आयोजना गरिएको थियो ।

कार्यक्रममा संस्थाका अध्यक्ष राधेश्याम सुवालले तालिममा सिकेको सीपलाई झोलामा मात्र सीमित नराखी व्यवहारमा उतारेर आर्थिक रूपमा आत्मनिर्भर बन्न सहभागीहरूलाई आग्रह गर्नुभयो । सहकारीले सदस्यहरूको आर्थिक र सामाजिक विकासका लागि आगामी दिनमा पनि यस्ता सीपमूलक कार्यक्रमहरूलाई निरन्तरता दिने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो ।

दुई दिनसम्म चलेको उक्त तालिममा सहभागीहरूलाई स्थानीय बजारमा बढी माग हुने विभिन्न प्रकारका मिठाइहरू (जस्तै:- दही, खजुरी, लालमोहन, जेरी, बर्फी, पतामिन्की र अन्य रैथाने मिठाइ) व्यावसायिक र गुणस्तरीय तरिकाले बनाउने प्रयोगात्मक विधि प्रशिक्षक राधिका दिदिया माकबाट सिकाइएको थियो ।

सहभागीहरूमध्ये सोनिया बासुकला र इन्दु श्रेष्ठले उपयोगी सीप सिक्न पाएकोमा संस्थाप्रति आभार प्रकट गर्दै सहकारीले यस्तो व्यावहारिक र सीपमूलक तालिम आयोजना गरिदिएकोमा खुसी व्यक्त गर्नुभयो ।

संस्थाका व्यवस्थापक शिवजी हाकुदुवालले सहकारीको उद्देश्य बचत र ऋणको कारोबार मात्र गर्ने नभई सदस्यहरूको जीवनस्तर उकास्नु पनि रहेको प्रस्ट पार्नुभयो । उहाँले तालिम चुस्त र प्रभावकारी रूपमा सम्पन्न भएकोमा खुसी व्यक्त गर्दै सहभागीहरूलाई व्यावसायिक रूपमा अगाडि बढ्न सहकारीले आवश्यक वित्तीय सहयोग गर्न सक्ने जानकारी दिनुभयो ।

संस्थाका कर्मचारी रामलक्ष्मी प्रजापतिले उद्घोषण गरेको समापन कार्यक्रममा सदस्य तथा बचत उपसमितिका सदस्य रचना खायमलीले स्वागत मन्तव्य, जमुना त्वानाबासुले धन्यवाद ज्ञापन गरी संयोजक सर्मिला मानन्धरले सभा बिसर्जन गर्नुभएको थियो ।

# तेइस करोड ७७ लाख खानीको 'रोयल्टी' तत्काल उठाउन निर्देशन

काठमाडौँ, १० जेठ । खानी तथा खानीजन्य पदार्थबाट प्राप्त हुने रु. २३ करोड ७७ लाख ८८ हजार बराबर 'रोयल्टी' तत्काल असुल गर्न महालेखापरीक्षकको कार्यालयले निर्देशन दिएको छ ।

महालेखापरीक्षकको कार्यालयको ६३ औँ वार्षिक प्रतिवेदनअनुसार, एक वर्षभन्दा बढी अवधिसम्म उत्खननबापतको रोयल्टी नबुझाएको र अनुमति पाएकोभन्दा बढी परिमाण उत्खनन गरेको पाइएको छ । साधारण ढुङ्गाको रोयल्टी दर प्रतिघनमिटर रु. २५ तथा नियमबमोजिम ३० प्रतिशत जरिवाना र १० प्रतिशत स्थानीय विकास शुल्कसमेतको रकम असुल गर्न भनिएको छ ।

खानी तथा खनिज पदार्थ नियमावलीअनुसार, खानीबाट निकालिएको खनिज पदार्थको परिमाणका आधारमा रोयल्टी रकम प्रत्येक महिना समाप्त भएको सात दिनभित्र राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । खानी तथा भूगर्भ विभागबाट अनुमति पाएका खानीहरूबाट रु. एक अर्ब ५९ करोड ४५ लाख आठ हजार रोयल्टी सङ्कलन भएको छ ।

तोकिएको समयमा रोयल्टी नबुझाएको खण्डमा ३० प्रतिशतसम्म जरिवाना रकम तिर्नुपर्ने व्यवस्था छ । विभागका अनुसार तीन वटा कम्पनीले १० प्रतिशत स्थानीय शुल्कसमेत गरी रु. चार करोड ९९ लाख ५४ हजार दाखिला गर्नुपर्ने देखिएको छ ।

सो रकम असुल गर्न प्रतिवेदनमा भनिएको छ । खनिज पदार्थ उत्खनन गर्न अनुमति प्राप्त व्यक्ति, फर्म तथा उद्योगले सम्झौतामा तोकिएको परिमाण मात्र उत्खनन गर्नुपर्ने व्यवस्था भए पनि सो अनुरूप नभएको प्रतिवेदनमा उल्लेख छ ।

विभागले उत्खननकर्ताले बुझाएको परिमाणका आधारमा रोयल्टी लिने गरेकाले खनिज पदार्थको हिसाबकिताब तोकिएको ढाँचामा राख्न महालेखापरीक्षकको कार्यालयले सुझाएको छ ।

उत्खनन अनुमति र माइनिङ स्किमभन्दा बढी उत्खनन गर्ने कार्य नियन्त्रण गर्नुपर्ने निर्देशन दिइएको छ । खनिज कोष स्थापना गर्ने, भौगर्भिक सूचनाको नक्साङ्कन गर्ने, सबै खनिज स्रोतको डेटाबेस तयार गर्नेलगायतका नीति कार्यान्वयन नभएको भन्दै तत्काल प्रक्रिया अगाडि बढाउन भनिएको छ । ***(रासस)***

## सङ्क्षिप्त समाचार

# निकुञ्जका वन्यजन्तुलाई नहरको पानी

चितवन, १० जेठ । निकुञ्ज र बरण्डाभार क्षेत्रमा रहेका वन्यजन्तुलाई आवश्यक पानीका लागि नहरबाट पानीको व्यवस्था गर्न थालिएको छ । गर्मी बढेसँगै चितवन राष्ट्रिय निकुञ्जमा पानीको अभाव भएपछि खगेरी नहरबाट पानी छोडिएको छ ।

टिकौलीबाट देवनगरसम्मको नौ किलोमिटर नहरमा पानी छोडिएको हो । योसँगै निकुञ्ज तथा बरण्डाभार क्षेत्रमा रहेका पोखरीहरूमा पुनर्भल (रिचार्ज)का लागिसमेत पानी छोडिएको छ ।

नारायणी लिफ्ट तथा खगेरी सिँचाइ आयोजनाका प्रमुख कुलप्रसाद चालिसेका अनुसार सो क्षेत्रमा रहेका झण्डै १२ वटाभन्दा बढी पोखरी पुनर्भलका लागि पानी छोडिएको छ । अब निरन्तर सो क्षेत्रमा पानी छोडिने उहाँले बताउनुभयो । गर्मी याम बढेसँगै निकुञ्ज र बरण्डाभार क्षेत्रमा रहेका ताल तलैयाहरू सुक्ने हुँदा वन्यजन्तुका लागि पानीको अभाव हुने गरेको छ । जसका कारण वन्यजन्तु बस्ती छिर्ने गर्दछन् । हरेक वर्ष गर्मी समयमा वन्यजन्तुका लागि पानी छोड्ने गरिन्छ । नहर मर्मत गरी पानी छोडिएको हो । यस क्षेत्र गैँडा, चित्तल, बाघ भालुलगायतका वन्यजन्तुहरू र चराचुरुङ्गीको बासस्थान रहेको छ ।

# बैङ्किङ कसुर मुद्दामा फरार सिंह पक्राउ

काठमाडौँ, १० जेठ । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले बैंकिङ कसुर मुद्दामा एक जना फरार व्यक्तिलाई पक्राउ गरी सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा काठमाडौँ महानगरपालिका-२२ बस्ने ५३ वर्षीय प्रणवलाल सिंह रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "जिल्ला अदालत काठमाडौँबाट उक्त मुद्दामा पक्राउ पुर्जी जारी भई फरार रहेका निज सिंहलाई हाम्रो टोलीले काठमाडौँ महानगरपालिका-१३ छाउनीबाट पक्राउ गरेको हो ।" पक्राउ परेका सिंहलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि प्रहरी वृत्त जनसेवा काठमाडौँ पठाइएको प्रवक्ता कार्कीले बताउनुभयो । (रासस)

# तीव्रगतिका कारण हुन्छन् ५० प्रतिशत बढी दुर्घटना

काठमाडौँ, १० जेठ । वैशाख महिनामा देशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामध्ये आधाभन्दा बढी तीव्र गतिका कारण भएको पाइएको छ । नेपाल प्रहरीको तथ्याङ्कअनुसार गत वैशाख महिनामा देशभर दुई हजार २९४ दुर्घटना भएकामा एक हजार २५३ दुर्घटना तीव्रगतिका कारण भएको थियो ।

सो अवधिमा १३७ दुर्घटना चालकको असक्षमता, १३३ दुर्घटना हतारमा बाटो काट्नु, ११२ दुर्घटना मादक पदार्थ सेवा तथा ४६ वटा दुर्घटना अनावश्यक ओभरटेकका कारण भएका थिए । दुर्घटनामा १५८ पुरुष, ५४ महिला र २७ बालबालिका गरी २३९ जनाको मृत्यु भएको प्रहरी तथ्याङ्क छ । ती दुर्घटनामा परी ७५२ जना गम्भीर तथा तीन हजार २२० जना सामान्य घाइते भएका छन् ।

वैशाख महिनामा ट्राफिक नियम उल्लङ्घन गर्नेविरुद्ध एक लाख ३७ हजार ९४ वटा कारबाही भएको छ भने सोबापत रु. ११ करोड ८२ लाख ७४ हजार १८९ राजस्व असुली भएको छ । सो अवधिमा भएका ती दुर्घटनामा तीन हजार ३३४ वटा सवारी साधन संलग्न भएका थिए । सबैभन्दा बढी दुई पाङ्ग्रे सवारी साधन दुर्घटनामा परेका थिए । साँझ ६ देखि राति १२ बजेसम्म सबैभन्दा बढी दुर्घटना हुने गरेको पाइएको छ । सो समयमा ८५९ दुर्घटना भएका थिए । यस्तै मध्याह्न १२ देखि साँझ ६ बजेसम्म ८५०, बिहान ६ देखि मध्याह्न १२ बजेसम्म ५०६ तथा मध्यराति १२ बजेदेखि बिहान ६ बजेसम्म ७८ वटा दुर्घटना भएको प्रहरी तथ्याङ्कले जनाएको छ ।

**पछिल्लो २४ घन्टामा तीन जनाको मृत्यु**

पछिल्लो २४ घन्टामा देशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ भने ९४ जना घाइते भएका छन् । वाग्मती प्रदेशमा दुई र काठमाडौँ उपत्यकामा एक जनाको दुर्घटनामा मृत्यु भएको प्रहरीले जनाएको छ । (रासस)

# ट्राफिक कारबाही : २४ घण्टामा चार लाख ७९ हजार राजस्व सङ्कलन

काठमाडौँ, १० जेठ । ट्राफिक प्रहरीले पछिल्लो २४ घण्टाको अवधिमा काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा सञ्चालन गरेको 'जाँच' का क्रममा एक हजार ८४१ जना सवारी चालकलाई कारबाही गरेको छ । उक्त कारबाहीबाट रु. चार लाख ७९ हजार ५०१ राजस्व सङ्कलन गरिएको छ ।

आइतबार बिहानसम्म सञ्चालन गरिएको जाँचका क्रममा मादक पदार्थ (मापसे) सेवन गरी सवारी साधन चलाउने १०७, राइड सेयरिङमा १९२, रातोबत्तीमा १८३, तीव्र गतिमा १२६, लेनक्रसमा ४१, सडक फुटपाथमा ७५, हर्न निषेधमा १४९, एकतर्फीमा ७७ र अन्यमा ८९१ गरी कुल एक हजार ८४१ जना चालकलाई कारबाही गरिएको उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "उपत्यकामा २४ घण्टाको अवधिमा काठमाडौँ उपत्यकामा ट्राफिक नियम उल्लङ्घन गर्ने एक हजार ८४१ जना चालकहरूलाई कारबाही गरिएको छ । उक्त कारबाहीबाट जम्मा रकम रु. चार लाख ७९ हजार ५०१ राजस्व दाखिला भएको छ ।"

मादक पदार्थ सेवन गरी सवारी चलाउनु कानुनविपरीत तथा दण्डनीय कार्य भएको र चालकले मादक पदार्थ वा लागुपदार्थ सेवन गरेको शङ्का लागेमा यात्रुले तत्काल नजिकैको प्रहरी कार्यालय, ट्राफिक कन्ट्रोल रूमको हटलाइन नम्बर १०३ र प्रहरीको हटलाइन नम्बर १०० मा खबर गर्न ट्राफिक प्रहरीले आग्रह गरेको छ । (रासस)




**गोलभेँडा बिक्रीका लागि बजार पठाइँदै**
दाङको घोराही उपमहानगरपालिका-१६ तेरौटेस्थित नविनतम कृषि फर्ममा उत्पादन गरिएको गोलभेँडा बिक्रीका लागि बजार पठाइँदै । घोराही-१८ मसिनाका किसान महेश पौडेलले तेरौटेमा विगत सात वर्षदेखि करिब ११ बिघा भाडाको जग्गामा व्यावसायिक तरकारी खेती गर्दै आउनुभएको छ । *तस्बिर : कुलदीप न्यौपाने / रासस*

# बाढीपहिरोले चार परिवार विस्थापित
# जलविद्युत् आयोजनामा क्षति

पाँचथर, १० जेठ । अविरल वर्षापछि खसेको पहिरोले घर बगाउँदा याङवरक गाउँपालिका-१ का चार परिवार विस्थापित भएका छन् । पहिरोले घर जोखिममा पारेपछि एक परिवारलाई सुरक्षित स्थानमा सारिएको छ ।

पहिरोले घर बगाएपछि याङवरक-१ लम्बाखोलाका मोहनलाल खवास र कबिर खवास तथा कोप्चेका गङ्गाप्रसाद बेघाको परिवार विस्थापित भएको हो । मोहनलाल र कबिरको परिवारका सात जना आफन्त शान्ता खवासको घरमा बसेका छन् । गङ्गाप्रसादको ६ जनाको परिवार उहाँका दाजु दुर्गा बेघाको घरमा बसेको छ । सोही स्थानका भगीमान बेघाको घर पहिरोले उच्च जोखिममा पारेपछि सो परिवारका ६ जना विस्थापित भएका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक अनिषकुमार कर्णले जानकारी दिनुभयो ।

बाढीपहिरोका कारण कोप्चेटोलका बालानन्द बेघा र मैतराज बेघा, चाम्लिङडाँडा रबिन राई, रामकुमार राई, रणबहादुर राई, मनकुमारी गुरुङ र डम्बरबहादुर गुरुङ, एकराते टोलका रत्नमान राई, लछुमान राई, राजेश राई, कमलबहादुर राई र शेरबहादुर राई तथा खोलाघारी मगरडाँडा टोलका याम मगर, पूर्णकुमार मगर र सुजन मगरको घर जोखिममा छ ।

बाढीले लामिटारबाट चाम्लिङडाँडा जोडने फोलुङ्गे पुल र याङवरक-२ दोभानेसिथत फोलुङ्गे पुलमा क्षति पुऱ्याएको छ । बाढीले निर्माणाधीन दुई सडकका पुल बगाएको छ । पुष्पलाल (मध्यपहाडी) राजमार्गअन्तर्गत पाँचथरको याङवरक गाउँपालिका-२ दोभानेमा मेवा खोलामा निर्माणाधीन ४१ फिट लामो सडक पुल बाढीले बगाएको हो । यहाँ निर्माणाधीन पुलका साथै सडक र डाइभर्सनसमेत बगाएका कारण यातायात पूर्ण रूपमा अवरुद्ध रहेको प्रहरी नायब उपरीक्षक कर्णले जानकारी दिनुभयो ।

त्यसैगरी, तमोर करिडोर सडकअन्तर्गत पाँचथरको हिलिहाङ गाउँपालिका र ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिकाको सीमास्थित तमोर नदीमा निर्माणाधीन लिम्बूनी पुलका संरचनासमेत बाढीले बगाएको छ । याक्थुङहाङ निर्माण सेवा प्रालिले निर्माण गरिरहेको उक्त पुलका ३५० टन स्टिल ट्रस्ट, अक्सिजन ग्यास सिलिन्डर, इलेक्ट्रिक गन, फलामे पाइपलगायत सामग्री बगाएको प्रहरी नायब उपरीक्षक कर्णले बताउनुभयो । पहिरो झरेपछि पुष्पलाल (मध्यपहाडी) राजमार्ग ओयाम बजार र रिजाल भिर खण्ड पूर्ण रूपमा अवरुद्ध भएको छ ।

जलविद्युत् आयोजनाहरूमा क्षति

बाढी र पहिरोले याङवरक-२ मेवाखोलामा रहेको हरिहदुलय मेवाखोला जलविद्युत् आयोजनामा क्षति पुऱ्याएको छ । पाँचथर-ताप्लेजुङ सीमामा अवस्थित इवांखोलामा रहेको इवांखोला जलविद्युत् आयोजनाको बाँध क्षेत्रका पर्खालमा क्षति पुगेको छ । यस्तै पाँचथर-ताप्लेजुङ सीमामा अवस्थित काबेली खोला रहेको अरुण काबेली जलविद्युत् आयोजनामा समेत क्षति पुगेको छ ।

यस्तै याङवरक-४ सिगेवामा स्थानीय लालबहादुर माबो, लक्ष्मण माबो, योगेन्द्र माबो र छविलाल पोखरेलको अलैँची बगान तथा खेतीयोग्य जमिनमा बाढी पसेर क्षति पुगेको छ । बाढी र पहिरोले टीकारामे, डल्लेढुङ्गा र सिगेवा खानेपानी योजना, वाराङ सिँचाइ योजना र मेची पहाडी खानेपानी योजनामा समेत क्षति पुऱ्याएको प्रहरी नायब उपरीक्षक कर्णले जानकारी दिनुभयो । (रासस)

# 'मगर सङ्ग्रहालय' नारच्याङ लेकगाउँ

म्याग्दी, १० जेठ । अन्नपूर्ण गाउँपालिका-४ मा रहेको नारच्याङ लेकगाउँ संस्कृति र समृद्धी सतहदेखि दुई हजार मिटर उचाइको पहाडी पाखामा गुजमुज्ज परम्परागत शैलीका ढुङ्गे घरहरू रहेको लेकगाउँले 'मगर सङ्ग्रालय' को पहिचान बनाएको हो । करिब एक सय परिवारको बसोबास रहेको लेकगाउँमा सबै मगर समुदायका छन् ।

अन्नपूर्ण गाउँपालिका-४ का वडा सदस्य श्याम पुर्जाले सयौँ वर्षअघि स्थानीय सीपको प्रयोग गरेर निर्माण गरिएका मौलिक घरहरू भएको लेकगाउँमा परम्परागत मगर जीवनशैली र संस्कृति जीवित रहेकाले बस्तीलाई नै 'मगर म्युजियम' भनिएको बताउनुभयो ।

"पुर्खाहरूले स्थानीय सीप र सामग्रीको प्रयोग गरेर बनाएका मौलिक ढुङ्गेघरहरू मात्र नभएर अर्मपर्म गरेर खेतीबाली लगाउने, घुम्ती गोठमा पशुपालन गर्ने, पुर्ख्यौली नाच्ने, भूमे पूजा गर्ने पुरानो चलनले निरन्तरता पाएको छ," उहाँले भन्नुभयो, "मगर समुदायको संस्कार, संस्कृति, कला र सीपको अध्ययन स्थलका रूपमा लेकगाउँलाई विकास गर्ने प्रयासमा छौँ ।"

संस्कृतिसँगै लेकगाउँ प्राकृतिक रूपमा सुन्दर र रमणीय छ । लेकगाउँको पृष्ठभूमिमा धौलागिरि, अन्नपूर्ण, नीलगिरि, मानापाथी र बराह शिखर हिमाल छन् । अन्नपूर्ण हिमालबाट हिउँपहिरो खसेको दृश्य नजिकबाट नियाल्न सकिन्छ । लेकगाउँको नजिकै समथर स्वाँराफाँट छ । स्वाँराफाँटमा स्थानीयवासीले



खाद्यबाली खेती गर्छन् । हिउँदमा गाईभैँसी र भेडाबाखाको घुम्ती गोठ राख्छन् ।

वनस्पतिविद् कमल मादेनको नेतृत्वमा केही वर्षअघि आएको टोलीले स्वाँराफाँट धेरै प्रजातिका चराहरूको बासस्थान र नजिकैको जङ्गलमा प्रशस्त जडीबुटी पाइने प्रतिवेदन सार्वजनिक गरेको थियो । खोप्रा लेकको फेदीमा रहेको लेकगाउँ हुँदै अन्नपूर्ण आधार शिविर पनि जान सकिन्छ ।

घोडेपानी, बयली, खोप्रा हुँदै नारच्याङ जोड्ने पदमार्ग रहेको छ । प्रचारप्रसारको अभावमा पर्यटकहरूको आगमन हुन नसकेको वडा सदस्य पुर्जाले बताउनुभयो । पर्यटकको सुविधाका लागि लेकगाउँमा रेष्टुरेण्ट र घरबास छन् । पर्यटकले चाहनाअनुसार होटल र घरबासमा बस्न सक्छन् । घुम्तीगोठमा पालिएका गाईभैँसी र भेडाबाखा अवलोकन गर्न पाइन्छ । लेकगाउँमा मगर संस्कार र जीवनशैलीको नजिकबाट अवलोकन गर्न पाइने गुल्मीबाट आउनुभएका होमनाथ पाण्डेले बताउनुभयो ।

बेनी-जोमसोम सडकमा पर्ने भुरुङ्ग तातोपानी हुँदै लेकगाउँ जाने क्रममा नारच्याङ बेँसीमा रहेको नारच्याङ झरना अवलोकन गर्न सकिन्छ । भुरुङ्ग तातोपानीदेखि दुई घण्टा पैदलयात्रा र एक घण्टा गाडीको यात्रा गरेपछि लेकगाउँ पुगिन्छ । लेकगाउँबाट नारच्याङमा निर्माण भएका र निर्माणाधीन जलविद्युत् आयोजनाहरूको अवलोकन गर्न सकिन्छ ।

अन्नपूर्ण गाउँपालिका-४ का वडाअध्यक्ष लोकबहादुर फगामीले लेकगाउँ हुँदै खोप्रा र अन्नपूर्ण आधार शिविर जाने बाटोमा पर्ने बासबोटलाई पदमार्गले जोडिएको बताउनुभयो । पूर्वाधार निर्माणसँगै लेकगाउँको संस्कृति र प्राकृतिक सौन्दर्यको प्रचारप्रसार गरी पर्यटक भित्र्याउने, विदेशिएका र बजार गएकाहरूलाई गाउँ फर्काउने प्रयासमा रहेको उहाँले बताउनुभयो ।

। सम्पादकीय ।

## समाजवादउन्मुख राज्य व्यवस्थाको आधारमा बजेट ल्याउनुपर्छ

सरकारले आर्थिक वर्ष ०८३/०८४ को जेठ १५ गते बजेट प्रस्तुत गर्नुपर्ने संवैधानिक बन्दोबस्त छ । उक्त बजेट सरकारी नीति तथा कार्यक्रमको आधारमा सार्वजनिक गरिनेछ । सरकारी नीति तथा कार्यक्रम सरकारको एक कार्ययोजना हो; सरकारले गर्ने कार्यदिशा हो । नीति तथा कार्यक्रममा सरकारले एक वर्षमा गर्ने कार्य योजना रहेको हुन्छ । सरकार कुन वर्गप्रति लक्षित छ भन्ने चिन्ने बाटो पनि नीति तथा कार्यक्रम हो । सरकारले बजेट तयारी गर्न पूर्वाभ्यास गर्दै छ । नीति तथा कार्यक्रमको आधारमा बजेट तयार गर्ने हुँदा बजेट श्रमजीवीवर्ग लक्षित हुने आशा गर्ने ठाउँ देखिँदैन ।

नेपालको संविधान समाजवादउन्मुख राज्य व्यवस्था लक्षित छ । संविधान मान्ने सरकारले कमसेकम समाजवादउन्मुख राज्य व्यवस्थाको आधारमा नीति तथा कार्यक्रम र बजेट ल्याउनुपर्छ । समाजवादउन्मुख राज्य व्यवस्था र माध्यमिक तहसम्मको नि:शुल्क शिक्षा कसैलाई देखाउनको निम्ति संविधानमा उल्लेख गरिएको होइन । यसलाई कार्यान्वयन गर्न सरकार प्रतिबद्ध हुनुपर्छ । यसअघिका कुनै पनि सरकारले उपर्युक्त संवैधानिक व्यवस्थालाई लागू गर्ने प्रयासै गरेनन् । केही गर्ने आशाले उदाएको रास्वपाको सरकारले समाजवादउन्मुख राज्य व्यवस्थाको भावनाबमोजिम बजेट ल्याउने र मावि तहसम्म नि:शुल्क शिक्षाको बन्दोबस्त गर्ने आशा छ । समाजवादउन्मुख राज्य व्यवस्थालाई कार्यरूप दिन सरकारले समाजवादी कार्यक्रमको थालनी गर्नुपर्छ । तर, अर्थमन्त्री स्वर्णिम वाग्लेले संसद्मा रास्वपा कम्युनिस्ट पार्टी होइन; नवउदारवादको अन्ध समर्थन पनि गर्दैन भनेका थिए । रास्वपाको आर्थिक, राजनीतिक विचार उदार लोकतन्त्र र सामाजिक बजार अर्थतन्त्रमा आधारित रहेको रास्वपा आमूल परिवर्तनको पक्षमा नभएको थाहा हुन्छ । के रास्वपा सरकारले सबै जनतामा समान सुविधा तथा स्वतन्त्रताको अधिकार हुनुपर्छ भन्ने सिद्धान्तअनुसार काम गर्ला ? के यो सरकारले सङ्कुचित विचार र स्वार्थदेखि टाढा रहेर काम गर्छ ? के सबैलाई समानरूपले व्यवहार गर्छ ? के उच्च तथा उत्तम विचार अघि ल्याएर श्रमजीवीवर्गको हित हेर्छ ?

समाजवादउन्मुख राज्यको अवधारणाअनुसार सरकारले सबैले व्यक्तित्व विकासमा समान अवसर पाउने ढङ्गले काम गर्नुपर्छ; बस्तीबस्तीमा शिशुस्याहार केन्द्रदेखि आदर निकेतन खोल्नुपर्छ । सबै जनतामा स्रोतसाधन, अवसर र सेवामा समानुपातिक पहुँच पुऱ्याउनुपर्छ । देशका लाखौँ भूमिहीन, बेरोजगार, असङ्गठित श्रमिक, सुकुमवासी र सीमान्तकृत समुदायको आर्थिक स्तर परिवर्तन गर्ने खाका सरकारले तयार गर्नुपर्छ । गरिबीको रेखामुनि रहेका जनतालाई गरिबीबाट मुक्त गर्न पूर्वाधार र योजना बुन्नुपर्छ । देशलाई आत्मनिर्भर बनाउन या जनताका आधारभूत आवश्यकता पूर्ति गर्न सरकार लाग्नुपर्छ । देशको आयस्रोत बढाएर देशको विकास गरी जनताको जीवनस्तर उठाउनेतर्फ सरकार दत्तचित्त हुनुपर्छ । तर, जनताका जीवनस्तर उठाएर सुख सविधा दिनेभन्दा विदेशीको भरमा बस्ने, विदेशी शक्ति राष्ट्रको इसारामा नाच्ने र विदेशी ऋणमा डुब्ने सरकारी नीतिले देश सधैँ परनिर्भर भइरहनेछ ।

अहिले पनि सबै स्थानमा शिक्षाको ज्योति पुगेको छैन । स्वास्थ्य सेवा सबै ठाउँमा पुऱ्याउन सकेको छैन । शिक्षा आर्जनको निम्ति देशका सबै स्थानमा आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधार पुऱ्याउन सकेको छैन । स्वास्थ्य केन्द्र पुगेको छैन । औषधि उपचार गर्न सकेको छैन । समयमा औषधि उपचार गर्न नपाएर कतिको ज्यान गएको हुन्छ । गाउँ-बस्तीसम्म बिजुली बत्ती पुगेको छैन । रोजीरोटीको बन्दोबस्त गर्न सकिएको छैन । गाउँ-बस्तीसम्म बाटो पुगेको छैन । एउटा फलामे तारको आधारमा खोला पार गर्नुपर्ने बाध्यता छ । कति उद्योगहरू खोलेका छैनन् । हो, बन्द भएका उद्योग सञ्चालन गरेर रोजीरोटीको व्यवस्था गर्न सकिन्छ । विकास गाउँ-गाउँमा पुऱ्याएर सन्तुलित विकास गर्न सकिन्छ । गाउँ-गाउँमा विकास पुगेको भए स्थानीयले काम पाउँथे र युवाहरू कामको निम्ति विदेसिन बाध्य हुँदैनथे । नवउदारवादले राज्यको भूमिका गौण बनाउँछ । निजीकरणको बाटो समाएर देशलाई धनी बनाउन सकिँदैन । सरकारले व्यक्तिको आम्दानी बढाउनेभन्दा, व्यक्तिलाई विदेशी बैङ्कमा पैसा थुपार्न दिनुभन्दा देशकै आम्दानी बढाएर जनताको जीवनस्तर उठाउने र गाँस बासको व्यवस्था हुने वातावरण तयार गर्नुपर्छ ।

देशको मुख्य समस्या आर्थिक असमानता हो; गरिबीको समस्या हो; रोजीरोटीको समस्या हो । यहाँ धेरै किसानसँग कम जग्गा छ, थोरै सामन्त र जमिनदारसँग धेरै जग्गा छ । कति खेतीयोग्य जग्गा बाँझो राखिएको छ । कति किसानहरू जग्गा नभएर अरुको जग्गा जोतेर कमाउँदै छन् भने सामन्त जमिनदारहरू जग्गा बाँझो राखेर देशको उत्पादनमा समस्या परेको छ । यही कारण सरकारले क्रान्तिकारी भूमिसुधार लागू गर्नुपर्ने हो; कमैयाहरूलाई आफूले जोत्दै आएको मोही भाग दिएर जीवन जोहो गर्ने अवसर दिनुपर्ने हो । संवैधानिक व्यवस्थाअनुसार सरकार उत्पादनमूलकतर्फ उन्मुख हुनुपर्नेमा बजारमुखी विकासतर्फ लागेको देखिन्छ । सरकारले प्रगतिशील कर प्रणाली लागू गर्नुपर्ने हो । गरिब वर्गमाथि कर थोपरेर धनी वर्गमाथिको कर छुट दिने व्यवस्थाले आर्थिक समानता खोक्रो नारामात्र हुनेछ । यी विभिन्न दृष्टिकोणले हेर्दा सरकारको नीति तथा कार्यक्रम समाजवादउन्मुख देखिँदैन । नीति तथा कार्यक्रमको आधारमा अब प्रस्तुत हुने बजेट पनि समाजवादउन्मुख हुनेछैन ।

मुख्य सवाल कुन सरकारले कति खर्ब र अर्बको बजेट प्रस्तुत गऱ्यो भन्ने होइन । सार्वजनिक हुने बजेट कुन वर्गप्रति लक्षित छ भन्ने मुख्य हो । सामन्त, पुँजीपति, जमिनदार, जालीफटाहा, बिचौलिया, ठग, भ्रष्टाचारी, कमिसनखोर, ठुलठुला व्यापारी र उद्योगपतिहरू पोस्ने बजेट ल्याइयो भने यो शक्तिशाली सरकार पनि बहुमत जनताको पक्षमा नभएको स्पष्ट हुन्छ । समाजलाई अगाडि बढाउने हो, समाजमा परिवर्तनको अनुभूति दिने हो भने समाजवादउन्मुख राज्य व्यवस्थामा टेकेर अझ प्रगति गर्न समाजवादी व्यवस्थातर्फ नै देशलाई अघि बढाउनुपर्छ ।

# राउल क्यास्ट्रो एक नायक हुनुहुन्छ : वास्तविक अपराधी त अमेरिकी साम्राज्यवादीहरू हुन्

✍ निकोस मोटोस



ट्रम्प प्रशासनले राउल क्यास्ट्रोलाई अपराधी देखाउन जतिसुकै हतास प्रयास गरे पनि उहाँ पक्कै पनि अपराधी हुनुहुन्न । उहाँ एक यस्ता क्रान्तिकारी हुनुहुन्छ जसले क्युवामा तानाशाही, वैदेशिक प्रभुत्व र पुँजीवादी शोषणका विरुद्धको सङ्घर्षमा आफ्नो जीवन समर्पित गर्नुभयो ।

राउलविरुद्ध सम्भावित अमेरिकी पक्राउ पुर्जीको नवीकरण गरिएको धम्की अरू केही नभएर एक साम्राज्यवादी अहङ्कारको पराकाष्ठा हो । यो त्यस्तो राज्यको अहङ्कार हो जसले विगत ६० वर्षभन्दा बढी समयदेखि नाकाबन्दी, तोडफोड, आर्थिक युद्ध र निरन्तरको राजनीतिक आक्रामकतामार्फत क्युवाली क्रान्तिलाई निसास्साउने प्रयास गरिरहेको छ ।

> *वासिङटनको पाखण्डलाई शब्दमा बयान गर्न गाऱ्हो छ । त्यही संयुक्त राज्य अमेरिका, जसले आफ्नो भू-राजनीतिक स्वार्थको रक्षाका लागि देशहरूमाथि आक्रमण गऱ्यो, सैन्य कू (विद्रोह) हरू गरायो, प्रतिक्रियावादी शक्तिहरूलाई हतियार दियो र पूरै समाजहरू ध्वस्त पाऱ्यो आज आफूलाई 'न्याय' र 'लोकतन्त्र' को रक्षकका रूपमा प्रस्तुत गर्ने प्रयास गर्दै छ । त्यही राजनीतिक संयन्त्र - जसले युद्धहरूमा लगानी गर्छ, सामूहिक दण्डलाई समर्थन गर्छ र विश्वभरका अपराधी शासनहरूलाई खुला रूपमा साथ दिन्छ; क्रान्तिकारी क्युवाको सन्दर्भमा अचानक नैतिक अधिकारको दाबी गर्छ ।*

वासिङटनको पाखण्डलाई शब्दमा बयान गर्न गाऱ्हो छ । त्यही संयुक्त राज्य अमेरिका, जसले आफ्नो भू-राजनीतिक स्वार्थको रक्षाका लागि देशहरूमाथि आक्रमण गऱ्यो, सैन्य कू (विद्रोह) हरू गरायो, प्रतिक्रियावादी शक्तिहरूलाई हतियार दियो र पूरै समाजहरू ध्वस्त पाऱ्यो आज आफूलाई 'न्याय' र 'लोकतन्त्र' को रक्षकका रूपमा प्रस्तुत गर्ने प्रयास गर्दै छ । त्यही राजनीतिक संयन्त्र - जसले युद्धहरूमा लगानी गर्छ, सामूहिक दण्डलाई समर्थन गर्छ र विश्वभरका अपराधी शासनहरूलाई खुला रूपमा साथ दिन्छ; क्रान्तिकारी क्युवाको सन्दर्भमा अचानक नैतिक अधिकारको दाबी गर्छ ।

संयुक्त राज्य अमेरिकाको मियामीबाट सञ्चालित हिंसात्मक 'एन्टी-क्यास्ट्रो' (क्यास्ट्रोविरोधी) चरमपन्थीहरूलाई संरक्षण दिने र वैध बनाउने लामो इतिहास पनि छ । यी त्यस्ता व्यक्ति र सञ्जाल हुन् जो क्युवाविरुद्ध दशकौंसम्म भएका तोडफोड, बम विस्फोट र आतङ्कवादी हमलाहरूमा संलग्न थिए । त्यही राजनीतिक संयन्त्र आज विश्वलाई 'न्याय' र 'लोकतन्त्र' का बारेमा उपदेश दिने प्रयास गरिरहेको छ ।

> *राउल क्यास्ट्रो त्यो ऐतिहासिक पुस्ताका प्रतिनिधि हुनुहुन्छ जसले बाटिस्टा तानाशाहीलाई उखेलेर फ्याँक्नुभएको थियो । एउटा यस्तो शासन जो दमन, भ्रष्टाचार र अमेरिकी आर्थिक स्वार्थको पूर्ण अधीनमा थियो । फिडेल क्यास्ट्रो, चे ग्वेभारा र हजारौँ क्युवाली क्रान्तिकारीहरूसँग मिलेर त्यो पुस्ताले क्युवालाई अमेरिकी निगम र माफिया स्वार्थहरूको खेलमैदानबाट एक स्वतन्त्र राष्ट्रमा रूपान्तरण गऱ्यो, जसले लाखौँ सर्वसाधारण जनताका लागि स्वास्थ्य सेवा, शिक्षा, साक्षरता र आत्मसम्मानको सुनिश्चितता गऱ्यो ।*

राउल क्यास्ट्रो त्यो ऐतिहासिक पुस्ताका प्रतिनिधि हुनुहुन्छ जसले बाटिस्टा तानाशाहीलाई उखेलेर फ्याँक्नुभएको थियो । एउटा यस्तो शासन जो दमन, भ्रष्टाचार र अमेरिकी आर्थिक स्वार्थको पूर्ण अधीनमा थियो । फिडेल क्यास्ट्रो, चे ग्वेभारा र हजारौँ क्युवाली क्रान्तिकारीहरूसँग मिलेर त्यो पुस्ताले क्युवालाई अमेरिकी निगम र माफिया स्वार्थहरूको खेलमैदानबाट एक स्वतन्त्र राष्ट्रमा रूपान्तरण गऱ्यो, जसले लाखौँ सर्वसाधारण जनताका लागि स्वास्थ्य सेवा, शिक्षा, साक्षरता र आत्मसम्मानको सुनिश्चितता गऱ्यो ।

क्युवालाई दशकौँदेखि तारो बनाइनुको वास्तविक कारण यही हो । फिडेल क्यास्ट्रोको एउटा चर्चित भनाइ थियो -

"संयुक्त राज्य अमेरिकाकै नाकैमुनि समाजवादी क्रान्ति गरेकोमा उनीहरूले हामीलाई कहिल्यै क्षमा गर्न सक्दैनन् ।"

साठी वर्षभन्दा बढी समयदेखि संयुक्त राज्य अमेरिकाले क्युवाली क्रान्तिलाई हरेक सम्भावित माध्यमबाट तोड्ने प्रयास गरेको छ । आर्थिक घाँटी निमोठ्ने काम, कूटनीतिक एक्लोपन, हत्याका षड्यन्त्र, अस्थिरताका अभियान र अनन्त प्रतिबन्धहरू यी सबैको उद्देश्य क्युवालाई पुन: परनिर्भरता र दासतामा फर्काउनु थियो । तैपनि, क्युवा अडिग रह्यो । ठुला कठिनाइहरूका बाबजुद, समाजवादी क्युवाले यस्ता सामाजिक उपलब्धिहरू हासिल गऱ्यो जुन धनी पुँजीवादी देशहरूका ठुलो जनसङ्ख्याका लागि अझै पनि पहुँच बाहिर छन् ।

डोनाल्ड ट्रम्प र उनी वरपरका बढ्दो प्रतिक्रियावादी शक्तिहरू समकालीन अमेरिकी साम्राज्यवादको सबैभन्दा आक्रामक अनुहार हुन् । क्युवाप्रति उनीहरूको आशक्तिको 'मानव अधिकार' सँग कुनै सम्बन्ध छैन । क्युवा अझै पनि तारो बनिरहेको छ किनभने यसले अवज्ञाको एक ऐतिहासिक साहसलाई प्रतिनिधित्व गर्दछ । एउटा सानो देश जसले संयुक्त राज्य अमेरिकाको शक्तिको प्रतिरोध गऱ्यो र जीवित रह्यो । त्यो यथार्थले वासिङटनका साम्राज्यवादी संयन्त्रलाई अझै पनि क्रोधित बनाउँछ ।

त्यसैले, राउल क्यास्ट्रोविरुद्धको यो अभियान एउटा व्यक्तिका विरुद्ध मात्र लक्षित छैन । यो क्युवाली क्रान्तिको समग्र ऐतिहासिक वैधतामाथिको प्रहार हो । यसले साम्राज्यवादविरोधी सङ्घर्षलाई नै अपराधीकरण गर्न खोज्छ भने अर्कोतर्फ ल्याटिन अमेरिका र बाँकी विश्वमा संयुक्त राज्य अमेरिकाले गरेको हिंसा, हस्तक्षेप र प्रभुत्वको लामो रेकर्डलाई मेटाउन खोज्छ ।

तर, त्यहाँ एउटा यस्तो ऐतिहासिक स्मृति छ जसलाई साम्राज्यवादले सजिलै मेटाउन सक्दैन ।

विश्वभरका लाखौँ मानिसहरू अझै क्युवाली क्रान्तिलाई सार्वभौमसत्ता, प्रतिरोध र अन्तर्राष्ट्रिय ऐक्यबद्धताको प्रतीकको रूपमा हेर्छन् । क्युवाको बाटोका बारेमा जस्तोसुकै बहसहरू भए तापनि एउटा तथ्य निर्विवाद छ : यो क्रान्तिले विदेशी प्रभुत्वको साङ्लो तोड्यो र यो प्रमाणित गरिदियो कि एउटा सानो राष्ट्रले पनि आत्मसमर्पण नगरी साम्राज्यवादी शक्तिविरुद्ध उभिन सक्छ ।

जेसुकै भए पनि, राउल क्यास्ट्रो त्यो गौरवशाली इतिहासको हिस्सा रहिरहनेछन् । अर्कोतर्फ, प्रतिबन्ध, आक्रामकता र साम्राज्यवादी प्रभुत्वका योजनाकारहरू साम्राज्यवाद, दमन र हिंसाको लामो ऐतिहासिक रेकर्डको हिस्सा मात्र रहनेछन् ।

**स्रोत :** *https://www .idcommunism .com*

# पराजयपछिको केरलाको वामपन्थी राजनीति
# सङ्कट, अन्तरविरोध र सम्भावनाहरू

✍ टी. टी. श्रीकुमार

हालै सम्पन्न विधानसभा निर्वाचन (अप्रिल-मे २०२६) मा केरलाको वाम लोकतान्त्रिक मोर्चा (एल.डी.एफ.) को चुनावी पराजय, केरलाको चक्रीय चुनावी राजनीतिको व्यापक तर्कभित्र पूर्ण रूपमा अप्रत्याशित त थिएन । तर, यो पराजय निम्त्याउने कारक तत्त्वहरू र यसको वृहत्तर प्रभावहरूलाई भने गहिरो विश्लेषणको आवश्यकता छ । यस जनादेशलाई वामपन्थी राजनीतिमाथिको अन्तिम फैसलाको रूपमा व्याख्या गर्नुका गम्भीर सीमाहरू छन्; यस्ता निष्कर्षहरू मुख्यतया परिस्थितिको सतही दक्षिणपन्थी बुझाइ मात्र हुन् । केरलाको वामपन्थी आन्दोलन इतिहासमा पराजय भोग्ने न त पहिलो वामपन्थी आन्दोलन हो, न त राज्यभित्र चुनावी उल्टो परिणाम भोगेको यो पहिलोपटक नै हो ।

वामपन्थी आन्दोलन कुनै एकात्मक संरचना होइन, बरु यो आफ्नै आन्तरिक अन्तरविरोध र तनावहरूले भरिएको एक राजनीतिक समूह हो । तैपनि, चुनावी-लोकतान्त्रिक ढाँचाभित्र रहेर कार्य गर्ने वामपन्थी धार नै ऐतिहासिक रूपमा वाम राजनीतिको सबैभन्दा महत्त्वपूर्ण पक्ष बनेको छ । चुनावी आयामलाई बहिष्कार गर्ने राजनीति सिद्धान्तको स्तरमा समेत अप्रासाङ्गिक हुने जोखिम रहन्छ । यस्तो समयमा, जब हिन्दुत्ववादी शक्तिहरूले चुनावी धाँधली, संस्थागत कब्जा र योजनाबद्ध दलबदलमार्फत केन्द्र र विभिन्न राज्यहरूमा सत्ता सुदृढ गरिरहेका छन्, केरलामा यू.डी.एफ.को विजयलाई पक्कै पनि एक स्वागतयोग्य विकासको रूपमा हेरिनुपर्छ । यसै सन्दर्भमा, तमिलनाडुमा टी.भी.के. (TVK) जस्ता शक्तिहरूको उदयलाई पनि वर्तमान परिस्थितिमा सकारात्मक रूपमा हेर्न सकिन्छ । यद्यपि, यी कुनै पनि परिवर्तनले वाम राजनीतिको ऐतिहासिक सान्दर्भिकता वा भारतमा लोकतान्त्रिक र धर्मनिरपेक्ष सार्वजनिक जीवन निर्माणमा द्रविड राजनीतिक परम्पराको निरन्तर महत्त्वलाई कम गर्दैनन् ।

एक दशकसम्म सत्तामा रहेको मोर्चाका लागि सञ्चारमाध्यम वा राजनीतिक विपक्षीहरूले दिने स्पष्टीकरणभन्दा आन्तरिक आत्म-आलोचना र राजनीतिक आत्ममन्थन धेरै महत्त्वपूर्ण हुन्छ । यस्तो चिन्तन प्रक्रिया पक्कै पनि अगाडि बढ्नुपर्छ । वामपन्थीले भोगेका धक्काहरूलाई स्थानीय कारक वा प्रशासनिक असफलताका आधारमा मात्र व्याख्या गर्न सकिँदैन । हामी यस्तो ऐतिहासिक मोडमा बाँचिरहेका छौँ जहाँ मार्क्सवादी चिन्तन र समाजवादी राजनीतिप्रति खुला रूपमा शत्रुतापूर्ण रहेको दक्षिणपन्थी विचारधाराले आफ्नो सबैभन्दा आक्रामक राजनीतिक रूप–फासीवादलाई आधुनिक राज्यको अन्तिम गन्तव्यका रूपमा कल्पना गरिरहेको छ । आजको समाजवादी राजनीतिले सामना गरिरहेको सबैभन्दा गहिरो सङ्कट यही हो ।

समय-समयमा प्रख्यात लेखक वा सार्वजनिक बुद्धिजीवीहरूबाट पत्रकारितामूलक आलोचनाहरू आउने गर्छन्, भारतका ओ. भी. विजयन यसका एक उदाहरण हुन् । यीमध्ये केही आलोचनाहरूमा पक्कै पनि गम्भीर विमर्श योग्य चिन्ताहरू हुन्छन् । तैपनि, उदारवादी पुँजीवादी राजनीतिक परिसरका नैतिक र सांस्कृतिक मापदण्डहरूमा आधारित रहेर गरिएका आलोचनाहरूले मार्क्सवादलाई आधारभूत रूपमा चुनौती दिन सक्दैनन् । धेरैजसो अवस्थामा, यस्ता आलोचनाहरू उदारवादी व्यवस्थाभित्रै आश्वस्त पार्ने हाउभाउका रूपमा मात्र देखा पर्छन् । आजको समाजवादी राजनीतिसामु सबैभन्दा गम्भीर चुनौती यस्ता आलोचनाहरूबाट होइन, बरु विश्वव्यापी पुँजीवादद्वारा डर, ध्रुवीकरण, सञ्चारमाध्यमको चलखेल र लोकतान्त्रिक स्पेसको प्रणालीगत सङ्कुचनमार्फत सिर्जित 'फासीवादी ब्ल्याकमेल' को राजनीतिबाट आएको छ । अझ, यो भारतको मात्र विशिष्ट परिघटना होइन, बरु व्यापक विश्वव्यापी राजनीतिक रूपान्तरणको एक हिस्सा हो ।

मार्क्सवाद विश्वभरि नै बहसको एक जीवन्त विषयका रूपमा कायमै छ । विश्वव्यापी पुँजीवादको रूपान्तरणलाई पर्याप्त रूपमा सम्बोधन गर्न वामपन्थी आन्दोलनहरूको असमर्थता, ऐतिहासिक सीमाहरू, सङ्गठनात्मक गतिहीनता र रणनीतिक विफलताहरूले समाजवादी राजनीतिभित्रै तीव्र आत्ममन्थन पैदा गरेको छ । ल्याटिन अमेरिकादेखि दक्षिण एसियासम्म यी प्रश्नहरू नयाँ तत्परताका साथ पुनः सतहमा आइरहेका छन् । चिली, नेपाल, इटाली र दक्षिण अफ्रिकाजस्ता देशहरूमा भइरहेका बहसहरूले लोकतान्त्रिक जनराजनीतिको क्षयीकरण, श्रमिकवर्गको ऐक्यबद्धतामा आएको विखण्डन र नयाँ प्रकारका निरङ्कुश राष्ट्रवादी शक्तिहरूको



उदयप्रति प्रगतिशील आन्दोलनहरूको बढ्दो चिन्तालाई उजागर गर्छन् ।

लोकतान्त्रिक पुनर्जागरणका रूपमा मनाइने चुनावी क्षणहरूले समेत अक्सर यो व्यापक सङ्कटको गहिराइलाई नै छर्लङ्ग पार्छन् । हङ्गेरीको हालैको निर्वाचनले यसको एउटा सान्दर्भिक उदाहरण प्रस्तुत गर्छ । भिक्टर ओर्बानको दक्षिणपन्थी नवउदारवादी शासन, जसमा स्पष्ट फासीवादी विशेषतासहितका अनुदारवादी र निरङ्कुश प्रवृत्तिहरू थिए, कमजोर देखिन्थ्यो र सो निर्वाचनलाई वामपन्थी पुनरुत्थानको अवसरका रूपमा व्यापक रूपमा प्रक्षेपण गरिएको थियो । तैपनि, परिणामले वामपन्थी राजनीतिको पुनरोदयको सङ्केत गरेन; बरु, एउटा दक्षिणपन्थी संरचनालाई अर्कोले प्रभावकारी रूपमा विस्थापित गऱ्यो । जसलाई अन्तर्राष्ट्रिय स्तरमा लोकतान्त्रिक सुधारका रूपमा उत्सव मनाइयो, त्यो वास्तवमा अनुदार लोकतन्त्रको एउटा स्वरूपको अस्वीकार मात्र थियो । यद्यपि, एउटा निरङ्कुश संरचनाले प्रतीकात्मक धक्का बेहोऱ्यो, तर व्यापक वैचारिक धरातल अझै पनि दृढ रूपमा दक्षिणपन्थी सोचद्वारा नै निर्देशित छ । युरोप, एसिया र ल्याटिन अमेरिकाभरि र स्थापित उदारवादी लोकतन्त्रहरूमा समेत, अति-दक्षिणपन्थी शक्तिहरूले पहिचान, आप्रवासन, धर्म, सुरक्षा र सांस्कृतिक सामिप्यताका चिन्ताहरू वरिपरि दैनिक सामाजिक चेतनालाई पुनर्गठित गर्दै आफ्नो प्रभाव सुदृढ पारिरहेका छन् ।

यो नयाँ दक्षिणपन्थ एउटा चुनावी परिघटना मात्र होइन; यसका महत्त्वाकाङ्क्षाहरू आधारभूत रूपमा सभ्यतागत छन् । यसले संस्कृति, सामूहिक स्मृति, शिक्षा, डिजिटल सञ्चार र समाजको भावनात्मक जीवनभित्रै गहिरो हस्तक्षेप गर्दछ । सामाजिक सञ्जालको पारिस्थितिक प्रणाली, एल्गोरिदमद्वारा सञ्चालित प्रचारप्रसार, धार्मिक राष्ट्रवाद र सावधानीपूर्वक निर्मित 'नैतिक चिन्ताहरू' मार्फत यसले नयाँ प्रकारका राजनीतिक व्यक्तिवादी चेतना पैदा गर्दछ । तसर्थ, विश्वका धेरै भागमा अहिले जे उदय भइरहेको छ, त्यो बीसौँ शताब्दीको शास्त्रीय फासीवाद मात्र होइन, बल्कि प्रविधिद्वारा निर्देशित एक प्रकारको अनुदारवाद हो, जसले नवउदारवादी आर्थिक नीतिहरूलाई सांस्कृतिक बहुसङ्ख्यकवाद र निरङ्कुश जनवाद (Authoritarian populism) सँग जोड्दछ ।

केरलाले पनि अहिले यी व्यापक ऐतिहासिक प्रश्नहरूको सामना गरिरहेको छ । प्रगतिशील राजनीतिको पुरानो सुनिश्चिततालाई नयाँ दक्षिणपन्थी सामाजिक संरचनाहरूले बढ्दो रूपमा चुनौती दिइरहेका छन् । सांस्कृतिक चिन्ताहरू, पहिचानमा आधारित परिचालन, डिजिटल श्रम, अति-व्यक्तिवाद, उपभोक्तावादी आकाङ्क्षाहरू र रूपान्तरित स्वरूपमा उच्च-जातीय सामाजिक आन्दोलनहरूको पुनरोदयले सामाजिक धरातललाई यसरी पुनर्गठित गरिरहेका छन्, जसलाई परम्परागत चुनावी विश्लेषणबाट मात्र बुझ्न सकिँदैन । तसर्थ, आज वामपन्थीले सामना गरिरहेको सङ्कट सङ्गठनात्मक वा चुनावी मात्र होइन; यो उत्तिकै रूपमा राजनीतिक कल्पनाशीलता, लोकतान्त्रिक शिक्षण विधि (Pedagogy) र द्रुत रूपमा परिवर्तन भइरहेको सामाजिक चेतनासँग अर्थपूर्ण रूपमा जोडिन सक्ने क्षमताको सङ्कट पनि हो ।

यस सन्दर्भमा, केवल चुनावी अङ्कगणित, प्रशासनिक दक्षता वा विगतका सङ्घर्षहरूको स्मृतिका आधारमा मात्र वामपन्थी राजनीति सञ्चालन गर्नुका स्पष्ट विश्वव्यापी सीमाहरू छन् । निरङ्कुश प्रवृत्तिहरूलाई केवल अस्थायी चुनावी गठबन्धन वा रणनीतिक फेरबदलका माध्यमबाट रोक्न सकिँदैन । समकालीन सामाजिक जीवनका जटिलताहरू - जस्तै जात व्यवस्था, लैङ्गिकता, वातावरण, डिजिटल श्रम, आप्रवासन, अनिश्चितता, निगरानी, शिक्षा, सञ्चारमाध्यमको शक्ति र सांस्कृतिक अलगावका प्रश्नहरूलाई सम्बोधन गर्न सक्ने बृहत्तर लोकतान्त्रिक एजेन्डाहरूको विकास अब अपरिहार्य भएको छ । श्रमिकहरू र निम्न मध्यमवर्गका तप्काहरूलाई उनीहरूको आफ्नै वर्गीय पहिचानबाट अलग गराउने 'सांस्कृतिक अन्धभक्ति' (Cultural Fetishism) का स्वरूपहरू सीमान्त वा सतही प्रतिक्रियावादी प्रवृत्तिहरू होइनन्; बरु यी समकालीन पुँजीवादको वैचारिक पुनर्संरचनाका केन्द्रीय पक्षहरू हुन् ।

केरलामा, वाम लोकतान्त्रिक मोर्चा (एल.डी.एफ.) को वर्तमान अवस्थाले एक गहिरो संरचनात्मक अन्तरविरोधलाई उजागर गर्दछ, जसले गम्भीर राजनीतिक चिन्तनको माग गर्दछ । राष्ट्रिय जनता दल (आर.जे.डी.) का उम्मेदवारको एकमात्र विजयलाई छाडेर, मोर्चाका घटक दलहरूमध्ये प्रमुख कम्युनिस्ट पार्टीहरू - सीपीआई (एम) र सीपीआईले मात्र सीट सुरक्षित गर्न सकेका छन् । यसले मोर्चाको त्यो बृहत्तर गठबन्धनकारी चरित्रलाई उल्लेख्य रूपमा कमजोर बनाएको छ, जसले कुनै समय एल.डी.एफ. लाई विशिष्ट पहिचान दिएको थियो । यसले वामपन्थी शक्ति र ती उदारवादी-लोकतान्त्रिक सामाजिक शक्तिहरूबिचको दूरी बढाउने जोखिम निम्त्याउँछ, जो अझै राजनीतिक रूपमा वामपन्थीप्रति सहानुभूति राख्छन् । जब वामपन्थीहरू सत्ताबाट बाहिरिन्छन् र गठबन्धनको सहभागिता खुम्चिन्छ, तब ती औपचारिक र अनौपचारिक संयन्त्रहरू पनि गुम्छन् जसको माध्यमबाट ऐतिहासिक रूपमा बृहत्तर लोकतान्त्रिक गठबन्धनहरू कायम राखिन्थ्यो । सहकारी, संस्थान, बोर्ड र अर्ध-सार्वजनिक संस्थाहरूमार्फत पहिले सहज बनाइएका सामाजिक प्रतिनिधित्वका व्यापक स्वरूपहरूलाई अब उस्तै तरिकाले निरन्तरता दिन सकिँदैन । तसर्थ, यो एउटा चुनावी धक्का मात्र होइन, बरु वाम-लोकतान्त्रिक संरचनाको रूपमा एल.डी.एफ. को चरित्रसँग जोडिएको एउटा ठूलो राजनीतिक र सङ्गठनात्मक प्रश्न हो । यदि एल.डी.एफ. ले आफ्नो बृहत्तर सामाजिक सान्दर्भिकता कायम राख्न चाहने हो भने, कम्युनिस्ट पार्टीहरूको प्रत्यक्ष सङ्गठनात्मक संरचनाभन्दा बाहिर रहेका उदारवादी, धर्मनिरपेक्ष, लोकतान्त्रिक र सीमान्तकृत सामाजिक शक्तिहरूलाई कसरी बृहत्तर लोकतान्त्रिक परियोजनामा राजनीतिक रूपमा एकीकृत गर्न सकिन्छ भन्नेबारे पुनर्विचार गर्नुपर्नेछ ।

सन् १९८० मा जब वाम लोकतान्त्रिक मोर्चा (एल.डी.एफ.) गठन भएको थियो, म आफैँ एक सक्रिय राजनीतिक कार्यकर्ता थिएँ । त्यस समयमा, एल.डी.एफ. ए.के. एन्टनीको नेतृत्वमा रहेको काङ्ग्रेस (यू), के.एम. मणीको केरला काङ्ग्रेस, भारतीय कम्युनिस्ट पार्टी (सीपीआई) र रिभोल्युसनरी सोसलिस्ट पार्टी (आरएसपी) सम्मिलित एउटा व्यापक राजनीतिक संरचना थियो । उनीहरूसँगै सीपीआई (एम) सँग पहिलेदेखि नै आबद्ध पिल्लई समूह, एआईएमएल, नेसनल आरएसपी र जनता पार्टीजस्ता दलहरू थिए । त्यस अवधिमा यी सबै दलहरूसँग उल्लेख्य जनसमर्थन थियो । वास्तवमा, त्यस समयमा एन्टनीको काङ्ग्रेस (यू) सँग केरलामा काङ्ग्रेस (आई) को तुलनामा बलियो सामाजिक र राजनीतिक प्रभाव थियो भने सीपीआई र आरएसपी दुवैले आफ्नै महत्त्वपूर्ण र तुलनात्मक रूपमा स्वतन्त्र जनाधार कायम राखेका थिए ।

यद्यपि, पछिल्ला दशकहरूमा इ.एम.एस. नम्बुदिरिपाद, ई.के. नयनार र भी.एस. अच्युतानन्दनको नेतृत्वमा मुख्यतया सीपीआई (एम) ले नै मोर्चाभित्र उल्लेख्य सङ्गठनात्मक र चुनावी विस्तार गऱ्यो । अन्य अधिकांश घटक दलहरूले आफ्नो सामाजिक आधारलाई त्यस स्तरमा विस्तार गर्न सकेनन् । कुनै समय एल.डी.एफ. को बृहत्तर लोकतान्त्रिक चरित्रमा योगदान पुऱ्याउने धेरै दलहरूले विभिन्न राजनीतिक कारणले अन्ततः गठबन्धन छोडे भने अरू साना गुटहरूमा विभाजित भएर बिस्तारै कमजोर हुँदै गए । तीमध्ये सीपीआईले मात्र आफ्नो पुरानो सङ्गठनात्मक र चुनावी शक्तिको ठूलो हिस्सा जोगाउन सकेको छ, जसको मुख्य कारण यो पार्टीले वर्गीय सङ्गठन र जनआन्दोलनहरूसँग अझै केही हदसम्म सामिप्यता कायम राख्नु नै हो । आज, मोर्चाको स्थिर जग मूलतः सीपीआई (एम) को जनआधार र सीपीआईले अझै कायम राखेको उल्लेखनीय समर्थनमा टिकेको छ । अर्कोतर्फ, केरला काङ्ग्रेस (मणी समूह) भने यस गठबन्धनमा तुलनात्मक रूपमा ढिलो गरी प्रवेश गरेको दल हो ।

यसले आज वामपन्थी शक्तिहरूका सामु, केरलामा मात्र नभई विश्वभरि नै एउटा महत्त्वपूर्ण राजनीतिक प्रश्न खडा गरेको छ : उदारवादी-लोकतान्त्रिक सामाजिक शक्तिहरूसँग फेरि कसरी राजनीतिक र सांस्कृतिक रूपमा गठबन्धन पुनर्गठन गर्ने ? यो विषय चुनावी अङ्कगणितको मात्र होइन, बल्कि नवउदारवाद, निरङ्कुशता र लोकतान्त्रिक स्पेसको सङ्कुचनबाट निराश भएका समाजका विभिन्न तप्काहरूलाई एकै ठाउँमा ल्याउन सक्ने बृहत्तर लोकतान्त्रिक राजनीतिक कल्पनाशीलताको पुनर्निर्माणको हो ।

विश्वभर नै, वामपन्थी संरचनाहरूले धैर्यपूर्ण वैचारिक कार्य, सांस्कृतिक हस्तक्षेप र बौद्धिक रूपमा खुला राजनीतिक संलग्नतामार्फत यसको प्रयास गरिरहेका छन् । नवउदारवादी पुँजीवादको सङ्कटबाट विचलित भएका श्रमिक, किसान, युवा, सीमान्तकृत समुदाय र मध्यम वर्गका तप्काहरूबिच नयाँ ऐक्यबद्धताहरू पनि उदय भइरहेका छन् । यस्ता लोकतान्त्रिक ऊर्जाहरूले प्रगतिशील वामपन्थी राजनीतिमार्फत मात्र गहिरो राजनीतिक अर्थ प्राप्त गर्न सक्छन् । यद्यपि, यो पनि उत्तिकै स्पष्ट छ कि अति-दक्षिणपन्थी शक्तिहरूले सामाजिक चेतनालाई आफ्नो पक्षमा पार्न संस्कृति, भावना, सञ्चारमाध्यम र दैनिक जीवनमा आक्रामक रूपमा हस्तक्षेप गरिरहनेछन् । यसले पहिलेको तुलनामा अझ बढी राजनीतिक सतर्कता र सैद्धान्तिक स्पष्टताको माग गर्दछ । सामान्यतया, आजको वामपन्थी राजनीतिले एक असाधारण जटिल ऐतिहासिक धरातलको सामना गरिरहेको छ र यो परिवर्तनशील यथार्थको गहिरो बुझाइ अब अपरिहार्य भएको छ ।

तसर्थ, आज वामपन्थीले सामना गरिरहेको सङ्कटलाई अस्थायी चुनावी गिरावट वा सङ्गठनात्मक धक्काको रूपमा मात्र बुझ्न सकिँदैन । यो एक बृहत्तर ऐतिहासिक रूपान्तरणको हिस्सा हो, जसमा पुँजीवाद स्वयं प्रविधि, संस्कृति र राजनीतिक पुनर्संरचनाको नयाँ चरणमा प्रवेश गरेको छ । समकालीन नवउदारवादले अब बजार र आर्थिक नीतिमार्फत मात्र काम गर्दैन; यो डिजिटल पूर्वाधार, निर्देशित भावना, पहिचानको चिन्ता र निरङ्कुश सांस्कृतिक संरचनाहरूमार्फत सामाजिक चेतनालाई पुनर्गठित गर्दै टिकिरहेको छ । यस सन्दर्भमा, लोकतान्त्रिक आधुनिकताका शास्त्रीय मान्यताहरू नै अस्थिर बनिरहेका छन् । चुनावी लोकतन्त्र औपचारिक रूपमा त जारी छ तर यसको सामाजिक र वैचारिक आधारहरू कर्पोरेट शक्ति, सञ्चारमाध्यमको केन्द्रीकरण, निगरानी प्रविधि र स्थायी असुरक्षाको सामान्यीकरणले गर्दा क्रमशः खोक्रो हुँदै गएका छन् ।

साथै, नवउदारवादी पुँजीवादका अन्तरविरोधहरूले लोकतान्त्रिक ऐक्यबद्धताका लागि नयाँ सम्भावनाहरू पनि निरन्तर सिर्जना गरिरहेका छन् । पारिस्थितिक सङ्कट, अनिश्चित श्रम, आप्रवासन, ऋणको बोझ, कृषि सङ्कट र युवा तथा मध्यमवर्गका तप्काहरूमा बढ्दो अलगाव (Alienation) ले यो पुष्टि गर्छ कि नवउदारवादी आधुनिकताका वाचाहरू आधारभूत रूपमै अस्थिर छन् । यस अर्थमा, चुनावी पराजयसँगै वामपन्थी राजनीतिको ऐतिहासिक सान्दर्भिकता समाप्त हुँदैन । बरु, यो झनै जीवन्त रहन्छ किनभने पुँजीवादले तिनै असमानता, बहिष्कार र सङ्कटहरू उत्पादन गरिरहन्छ, जसले सुरुमा समाजवादी आलोचनालाई जन्म दिएका थिए । वामपन्थीको भविष्य यी छरिएका चिन्ताहरूलाई एक बृहत्तर लोकतान्त्रिक कल्पनाशीलतामा रूपान्तरण गर्न सक्ने क्षमतामा निर्भर रहनेछ, जसले वर्ग, जात, लैङ्गिकता, पारिस्थितिकी, प्रविधि र संस्कृतिका प्रश्नहरूलाई सामूहिक मुक्तिको नयाँ राजनीतिमा जोड्न सकोस् ।

*स्रोत : काउन्टर करेन्ट*

# वासिङ्टनमा ह्वाइट हाउस नजिक गोलीकाण्ड



वासिङ्टन, २४ मे (एएफपी)। ह्वाइट हाउस नजिक शनिबार साँझ भएको गोलीकाण्डमा एक बन्दुकधारी अमेरिकी गोप्य सेवा (युएस सेक्रेट सर्भिस) एजेन्टको कारबाहीमा मारिएका छन्। घटनाका क्रममा एक दर्शक पनि गोली लागेर घाइते भएका छन्। राष्ट्रपति डोनाल्ड ट्रम्प घटनाको समयमा ह्वाइट हाउसभित्रै रहे पनि उहाँ सुरक्षित रहेको अधिकारीहरूले बताएका छन्।

युएस सेक्रेट सर्भिसका सञ्चार प्रमुख एन्थोनी गुग्लिल्मीका अनुसार साँझ ६ बजेपछि ह्वाइट हाउसको सुरक्षा घेरानजिक एक व्यक्तिले आफ्नो झोलाबाट हतियार निकालेर अन्धाधुन्ध गोली चलाउन थालेपछि सुरक्षाकर्मीहरूले तत्काल जवाफी कारबाही गरेका थिए।

सेक्रेट सर्भिसका प्रहरी अधिकारीहरूले संदिग्धमाथि गोली चलाएपछि उनलाई तत्काल अस्पताल लगिएको थियो, जहाँ चिकित्सकहरूले मृत घोषणा गरेका थिए। गोली हानाहानका क्रममा घटनास्थलमा रहेका एक दर्शकलाई पनि गोली लागेको थियो, तर उनको स्वास्थ्य अवस्थाबारे थप विवरण सार्वजनिक गरिएको छैन।

अमेरिकी सञ्चारमाध्यमहरूले मारिएका संदिग्धलाई मेरिल्यान्डका २१ वर्षीय नासिरे बेस्टका रूपमा पहिचान गरेका छन्। रिपोर्टहरूका अनुसार बेस्टको मानसिक स्वास्थ्यसम्बन्धी समस्या रहेको इतिहास थियो र यसअघि पनि उनको सेक्रेट सर्भिस सदस्यहरूसँग पटक-पटक सम्पर्क भएको थियो।

घटनामा कुनै पनि सेक्रेट सर्भिस अधिकारी घाइते नभएको जनाइएको छ। गोलीकाण्डपछि प्रहरी र सुरक्षा बलहरूले ह्वाइट हाउस वरपरको क्षेत्रलाई तत्काल घेरा हालेर नियन्त्रणमा लिएका थिए। नेसनल गार्डका सैनिकहरूले वासिङ्टनको डाउनटाउन क्षेत्रमा आवतजावतमा समेत कडाइ गरेका थिए।

घटनास्थल नजिक रहेका क्यानाडाली पर्यटक रिड एड्रियनले आफूहरूले सुरुमा आतशबाजी पड्किएको जस्तो आवाज सुने पनि केही क्षणमै ती आवाज गोलीका भएको बुझिएको बताउनुभयो। उहाँका अनुसार त्यसपछि वरपर रहेका मानिसहरू भागाभाग गर्न थालेका थिए।

त्यस समयमा ह्वाइट हाउसको नर्थ लन क्षेत्रमा रहेका पत्रकारहरूलाई तत्काल प्रेस ब्रिफिङ कक्षमा गएर आश्रय लिन निर्देशन दिइएको थियो। एबिसी न्युजकी संवाददाता सेलिना वाङ सामाजिक सञ्जालका लागि भिडियो रेकर्ड गरिरहेकै बेला गोली चलेको थियो र उहाँले उक्त घटनाको आवाज आफ्नो भिडियोमा कैद गर्नुभएको थियो।

"दर्जनौँ गोली चलेजस्तो महसुस भयो," उहाँले सामाजिक सञ्जाल एक्समा उल्लेख गर्नुभयो।

यो घटना राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि विगत केही समययता भइरहेका कथित सुरक्षा खतराको शृङ्खलासँग पनि जोडिएको देखिएको छ। ७९ वर्षीय ट्रम्प यसअघि तीन अलग-अलग कथित हत्या प्रयासको लक्ष्य बनेको बताइएको छ।

सबैभन्दा पछिल्लो घटना अप्रिल २५ मा भएको थियो, त्यस क्रममा एक सशस्त्र व्यक्तिले ट्रम्प मिडिया गालामा भइरहेको कार्यक्रममा सुरक्षा चौकीमाथि आक्रमण गरेका थिए। ती व्यक्ति ट्रम्प वा कार्यक्रममा सहभागी पाहुनासम्म पुग्न भने सफल भएका थिएनन्।

यसअघि जुलाई २०२४ मा पेन्सिलभेनियाको बटलरमा आयोजित चुनावी र्‍यालीमा ट्रम्पमाथि गोली प्रहार गरिएको थियो। उक्त घटनामा एक दर्शकको मृत्यु भएको थियो भने तत्कालीन उम्मेदवार ट्रम्पको कानमा सामान्य चोट लागेको थियो। त्यसको केही महिनापछि ट्रम्प गल्फ खेलिरहेको फ्लोरिडाको वेस्ट पाम बिचस्थित गल्फ कोर्सनजिक अर्को सशस्त्र व्यक्तिलाई पक्राउ गरिएको थियो।

शनिबारको गोलीकाण्डपछि अमेरिकी हाउस रिपब्लिकनहरूले सामाजिक सञ्जालमार्फत राष्ट्रपति ट्रम्प सुरक्षित रहेकोमा राहत व्यक्त गर्दै सेक्रेट सर्भिसको द्रुत प्रतिक्रियाको प्रशंसा गरेका छन्। उनीहरूले राजनीतिक हिंसा अन्त्य हुनुपर्ने धारणा पनि सार्वजनिक गरेका छन्।

यसैबिच, ट्रम्पले गत वर्ष पुनः कार्यभार सम्हालेपछि ह्वाइट हाउस परिसरमा निर्माणाधीन नयाँ बलरुम परियोजनाका लागि सुरक्षा आवश्यकतालाई एउटा प्रमुख कारणका रूपमा अघि सार्नुभएको छ। न्युयोर्कका रियल इस्टेट व्यवसायीसमेत रहनुभएका ट्रम्पका अनुसार करिब ४० करोड डलर लागतको उक्त परियोजनामा भूमिगत सैन्य अस्पतालसहित अत्यधिक सुरक्षित तथा 'ड्रोन-प्रतिरोधी' संरचना समावेश गरिनेछ।

# पाकिस्तान : बलुचिस्तान रेल विस्फोटमा २४ को मृत्यु



क्वेटा (पाकिस्तान), २४ मे ( एएफपी)। पाकिस्तानको अशान्त दक्षिणपश्चिमी प्रान्त बलुचिस्तानमा सैनिक कर्मचारी र उनीहरूका परिवार बोकेको रेललाई निशाना बनाएर आइतबार गरिएको शक्तिशाली विस्फोटमा कम्तीमा २४ जनाको मृत्यु र ५० भन्दा बढी घाइते भएको एक वरिष्ठ अधिकारीले बताएका छन्।

प्रान्तीय राजधानी क्वेटा नजिकै भएको उक्त आक्रमणपछि घटनास्थलमा ठुलो क्षति पुगेको छ र उद्धार कार्य जारी रहेको बताइएको छ।

प्राप्त तस्बिरहरूमा रेलका डिब्बा पल्टिएको र क्षतिग्रस्त अवस्थामा देखिएको छ, जहाँ स्थानीय बासिन्दा र उद्धारकर्मीहरू भग्नावशेषमा फसेका मानिसहरूको खोजी गरिरहेका छन्। घाइते तथा मृतकलाई स्ट्रेचरमार्फत सुरक्षित स्थानमा सारिँदै गरेको दृश्य पनि देखिएको छ भने सुरक्षा बलले घटनास्थलमा कडा पहरा दिएको छ।

अधिकारीका अनुसार क्वेटाबाट पेशावरतर्फ जाँदै गरेको उक्त रेलले चमन क्षेत्रको पटरी पार गरिरहेको बेला विस्फोटक पदार्थ बोकेको एक सवारीसाधनले रेलको डिब्बासँग ठक्कर दिएपछि ठुलो विस्फोट भएको थियो। विस्फोटका कारण रेलका झ्यालहरू फुटेका थिए र नजिकका केही डिब्बा पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए।

अर्का अधिकारीले एएफपीलाई बताएअनुसार उक्त रेलमा सवार सैनिकहरू आगामी मङ्गलबारदेखि सुरु हुने ईद बिदा मनाउन परिवारसहित यात्रा गरिरहेका थिए।

बलुचिस्तान पाकिस्तानको क्षेत्रफलका हिसाबले सबैभन्दा ठुलो तर विकासका सूचकाङ्कहरूमा देशकै सबैभन्दा पछाडि रहेको प्रान्त मानिन्छ।

यहाँका बलुच पृथकतावादी समूहहरूले केन्द्र सरकारले स्थानीय जनतालाई लाभ नदिई प्राकृतिक ग्यास र खनिज स्रोतहरूको दोहन गरेको आरोप लगाउँदै आएका छन्, जसका कारण लामो समयदेखि सुरक्षा चुनौती कायम रहेको छ।

## विश्व सङ्क्षेप

# धेरै मुलुकका नेतागणद्वारा चीनको भ्रमणबाट चीनको आकर्षण शक्ति प्रतिबिम्बित

पेइचिङ, २४ मे (सीआरआई)। चालु वर्षयता विश्व कूटनीति क्षेत्रमा एउटा के ध्यानाकर्षणको विषय बनेको छ भने धेरै मुलुकका नेतागणले चीनको भ्रमण गर्दै आउनुभएको छ। विशेषगरी मे महिनायता ताजिकिस्तानका राष्ट्रपति राहमुन, अमेरिकी राष्ट्रपति ट्रम्प र रूसी राष्ट्रपति पुटिनले अघिपछि गरी चीनको भ्रमण गर्नुभएको थियो। यसबाहेक, पाकिस्तानी प्रधानमन्त्री शाहबाजले २३ का दिनदेखि चीनको भ्रमण थाल्नुभएको छ भने सर्बियाका राष्ट्रपति भ्युचिचले पनि २४ तारिखदेखि चीनको भ्रमण आरम्भ गर्नुभयो।

विभिन्न मुलुकको राष्ट्रिय परिस्थिति बेग्लाबेग्लै भए तापनि स्थिरता खोज्ने, सहकार्य खोज्ने र विकासलाई प्रबर्द्धन गर्ने लक्ष्य एउटै हो। चीनलाई स्थिर र भरपर्दो सहयोगात्मक साझेदारको रूपमा व्यवहार गर्नु नै हाल विभिन्न मुलुकका लागि सबभन्दा उपयुक्त छनोट बन्दै जानेछ।

चीनको सामाजिक विज्ञान प्रतिष्ठानअन्तर्गत विश्व अर्थतन्त्र र राजनीति अनुसन्धान केन्द्रका प्रमुख ल्याउ फानका अनुसार, वर्तमान युगको डामाडोल लहरमा चीनले लगातार रूपमा विश्वतर्फ शान्तिपूर्ण र सकारात्मक शक्ति थपिदिँदै आएको छ। त्यसैगरी, विभिन्न मुलुकले दिन प्रतिदिन चीनलाई डामाडोल विश्वको 'स्थिर यन्त्र' को रूपमा व्यवहार गर्दै आएका छन्।

# किएभमा ओरेसनिक प्रहार

किएभ, २४ मे (एपी)। युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले रुसले किएभ क्षेत्रमा गरिएको सामूहिक आक्रमणका क्रममा शक्तिशाली हाइपरसोनिक 'ओरेसनिक' ब्यालिस्टिक क्षेप्यास्त्र प्रयोग गरेको दाबी गरेका छन्।

आणविक वा परम्परागत दुवै प्रकारका हतियार बोक्न सक्षम उक्त क्षेप्यास्त्र युक्रेनमा प्रयोग भएको यो तेस्रोपटक भएको बताइएको छ। राष्ट्रपति जेलेन्स्कीका अनुसार उक्त मिसाइलले किएभ क्षेत्रको बिला सेरक्वा सहरलाई निशाना बनाएको थियो। यद्यपि, वास्तविक लक्ष्य तत्काल स्पष्ट हुन सकेको छैन। यसअघि रुसले पहिलोपटक नोभेम्बर २०२४ मा युक्रेनी सहर ड्निप्रोमा बहु-वारहेडयुक्त ओरेसनिक क्षेप्यास्त्र प्रयोग गरेको थियो भने दोस्रोपटक जनवरी महिनामा पश्चिमी लिभिभ क्षेत्रमा प्रयोग गरिएको बताइएको छ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका अनुसार 'ओरेसनिक' नाम रूसी भाषामा हेजलनट रूखसँग सम्बन्धित छ। उहाँले उक्त क्षेप्यास्त्र ध्वनिको गतिभन्दा करिब १० गुणा अर्थात् म्याक १० गतिमा यात्रा गर्न सक्षम रहेको र यसले भूमिगत बङ्करहरू तीनदेखि चार तला वा अझ गहिराइसम्म ध्वस्त पार्न सक्ने दाबी गर्नुभएको छ।

# सर्बियाका राष्ट्रपति भ्युचिचद्वारा चीनको राजकीय भ्रमण सुरु

पेइचिङ, २४ मे (सीआरआई)। सर्बियाका राष्ट्रपति अलेक्सान्दर भ्युचिचले मे २४ देखि २८ तारिखसम्म चीनको राजकीय भ्रमण गर्नुहुँदैछ। आइतबार मध्याह्न उहाँ विशेष विमानद्वारा पेइचिङ राजधानी अन्तर्राष्ट्रिय विमानस्थल पुग्नुभयो। जुन राष्ट्रपति भ्युचिचले चीनको राजकीय भ्रमण गर्नुभएको पहिलोपटक हो। सर्बिया चीनसँग नयाँ युगान्तकारी भाग्य एकरूपताको स्थापना गर्ने पहिलो युरोपेली मुलुक हो।

साथै जुन चीनका लागि दक्षिण पूर्वी युरोपमा रहेको महत्त्वपूर्ण साझेदार पनि हो। भ्रमण अवधिमा राष्ट्राध्यक्ष सी चिनफिङ र प्रधानमन्त्री ली छ्याङले बेग्लाबेग्लै गरी राष्ट्रपति भ्युचिचसँग भेटवार्ता गर्नुहुने कार्यक्रम रहेको छ। दुवै पक्षबिच द्विपक्षीय सम्बन्ध र साझा चासोका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विषयहरूबारे वैचारिक आदानप्रदान गरिनेछ।

# फिलिपिन्समा भवन दुर्घटना

मनिला, २४ मे (एपी)। फिलिपिन्सको राजधानी मनिलाको उत्तरमा रहेको एन्जलस सहरमा निर्माणाधीन नौ तले भवन आइतबार बिहान ढल्दा दर्जनौँ कामदार फसेको आशङ्का गरिएको छ। दुर्घटनापछि उद्धार अभियान तीव्र पारिएको छ भने कम्तीमा २२ जना कामदार जीवितै बाहिर निस्कन सफल भएका छन्।

प्रहरीका अनुसार पम्पङ्गा प्रान्तस्थित एन्जलस सहरमा आँधीबेहरीका बिच बिहान सबेरै निर्माणाधीन भवन एक्कासि ढलेको थियो। घटनापछि १०० भन्दा बढी प्रहरी, उद्धारकर्मी र सरकारी कर्मचारीहरू भग्नावशेषमा फसेका मानिसहरूको खोजी तथा उद्धारमा खटिएका छन्।

दुर्घटनास्थलमै रहेका प्रहरी ब्रिगेडियर जनरल जेस मेन्डेजले तत्काल मृत्युको पुष्टि नभएको जानकारी दिनुभयो। उहाँका अनुसार भवनबाट बाहिर निस्कन सफल भएका २२ जना कामदारमध्ये केही घाइते भएका छन्।

मेन्डेजले भग्नावशेषभित्र कति जना अझै फसेका छन् भन्ने यकिन तथ्याङ्क तत्काल उपलब्ध नभएको बताउनुभयो। तर, एन्जलस सिटी सूचना कार्यालय प्रमुख जे पेलायोले एक निर्माण फोरम्यानलाई उद्धृत गर्दै कम्तीमा ३० जना कामदार अझै भग्नावशेषमुनि फसेको हुन सक्ने आशङ्का व्यक्त गर्नुभएको छ।

उद्धार टोलीहरूले भारी उपकरणसहित भग्नावशेष हटाउने, सम्भावित जीवित व्यक्तिको खोजी गर्ने तथा जोखिमयुक्त संरचनाको मूल्याङ्कन गर्ने काम जारी राखेका छन्। अधिकारीहरूले भवन किन ढल्यो भन्ने विषयमा पनि प्रारम्भिक अनुसन्धान सुरु गरेका छन्।

एन्जलस सहर फिलिपिन्सको प्रमुख आर्थिक र व्यावसायिक केन्द्रमध्ये एक मानिन्छ। यो क्षेत्र सन् १९९० को दशकको सुरुसम्म अमेरिकी मुख्य भूमिबाहिरका सबैभन्दा ठुला अमेरिकी वायुसेना अड्डामध्ये एकको केन्द्रका रूपमा परिचित थियो। अमेरिकी सैन्य अड्डा बन्द भएपछि एन्जलस र आसपासका क्षेत्रहरू क्रमशः व्यापार, सेवा र मनोरञ्जन केन्द्रका रूपमा विकसित भएका थिए।

पुरानो अमेरिकी वायुसेना अड्डा अहिले 'क्लार्क फ्रिपोर्ट जोन'का रूपमा सञ्चालनमा रहेको छ। उक्त क्षेत्र एन्जलस सहरमा, मेट्रो मनिलाबाट करिब ८० किलोमिटर उत्तरतर्फ अवस्थित छ।

# बाल मस्तिष्कमा सङ्कीर्णताको विकास !

✍ इन्द्र श्रेष्ठ



नेपाली समाज यतिबेला एउटा गम्भीर र अदृश्य मानसिक रूपान्तरणको भुमरीबाट गुज्रिरहेको छ । आधुनिकता, विश्वव्यापीकरण र विचारको स्वतन्त्रताका नाममा भित्रिएका कतिपय आयातीत चिन्तनहरूले कसरी हाम्रा स्थापित सामाजिक मूल्य र रैथाने पहिचानलाई खियाउँदै लगेका छन् भन्ने कुराको जीवन्त ऐना हिजोआज विद्यालयका कक्षाकोठाहरूमा पनि देखिन थालेको छ । भाषा र वाङ्मय पढाउने थलो जब सङ्कीर्ण धार्मिक चस्माबाट निर्देशित हुन थाल्छ, तब समाजको बौद्धिक चेतना कुन दिशातिर जाँदै छ भनेर गम्भीर हुनुपर्ने बेला आएको छ ।

केही दिनअघिको कक्षा ९ मा भएको कुरा हो । पहिलो घण्टीको सुरुमा 'सरस्वती वन्दना' पाठ गर्न लाउन पाए विद्यार्थीहरूको उच्चारण शुद्ध भई उनीहरूमा सकारात्मक ऊर्जा सञ्चार होला कि भन्ने पवित्र उद्देश्यले ह्वाइट बोर्डमा 'सरस्वती वन्दना' लेखेर कण्ठस्थ गर्न भनेँ । मेरो उक्त कार्यबाट जुन दृश्य देखियो, त्यसले मभित्रको शिक्षक मनलाई नराम्ररी झस्काएको छ । अधिकांश विद्यार्थीले मैले लेखेको त्यतिखेरै उत्सुकतापूर्वक सारे र कण्ठ पार्ने कोसिस पनि गरे । तर, भोलिपल्ट एकजना विद्यार्थीको कापीमा त्यो वन्दना सारिएको नदेखेपछि जब मैले स्वाभाविक रूपमा सोधेँ, "बाबु, तिमीले किन नसारेको ?" तब उनको प्रस्ट जवाफ थियो, "सर, म क्रिश्चियन हुँ, मैले त त्यस्तो देवीसेवीको पाठ पढ्नै हुँदैन !"

त्यो कलिलो बालकको मुखबाट निस्किएको त्यो उत्तर सुन्दा म छाँगाबाट खसेजस्तै भएँ । एक जना शिक्षकको दायित्व निर्वाह गर्दै मैले उनलाई बुझाउने भगिरथ प्रयत्न गरेँ–"बाबु, सबै धर्म राम्रो हुन्छ । यो कुनै धर्म प्रचार होइन, भाषा र उच्चारण शुद्ध बनाउने तरिका मात्र हो ।" तर, उनको बालमस्तिष्कमा रोपिएको आयातीत धार्मिक कट्टरताको पर्खाल यति अग्लो भइसकेको रहेछ कि मेरो शिक्षक चेतनाले त्यो पर्खाललाई भत्काउनै सकेन ।

यो कुनै एक्लो र भवितव्य घटना होइन । गत वर्ष पनि कक्षा १० मा पाठ्यपुस्तकमै एक पाउ मात्र उल्लिखित एउटा सुभाषित श्लोक बोर्डमा पूरै लेखाइदिँदा, एकजना विद्यार्थीले सिधै प्रतिवाद गर्दै भनेका थिए, "सर, यो त धर्म प्रचार गर्न खोजेको भएन र ?" त्यस्तै, कक्षामा नेपालीपन बोकेका नामहरूको सट्टा फिलिप, क्याथरिन, जोसेफजस्ता नामहरू सुनेर कौतुहलतावश सोध्दा 'यो नाम त चर्चले राखिदिएको' भन्ने जवाफ आउँछ । यसरी सानैदेखि विदेशी धर्म र संस्कृतितर्फ मोडेपछि ती अबोध बालबालिकामा आफ्नो माटो र देशभक्तिको भावना कसरी अङ्कुरित होला ? यो एउटा गम्भीर प्रश्न बनेर उभिएको छ ।

कक्षाकोठामा जब बाल्यकालदेखि नै रैथाने वाङ्मय, साहित्य र भाषिक जगका कुराहरूलाई 'धर्म प्रचार' को सङ्कुचित लेन्सबाट हेर्न थालिन्छ, तब बौद्धिक दरिद्रताको पराकाष्ठा सुरु हुन्छ । वाङ्मय र भाषा कुनै धर्मविशेषको पेवा होइनन्, यी त हाम्रा सभ्यता र संस्कृतिका साझा धरोहर हुन् । यदि धार्मिक पूर्वाग्रहको यो विषवृक्ष यसैगरी मौलाउँदै जाने हो भने, भोलि हाम्रा रैथाने शब्दहरू 'काष्ठ' वा 'रक्त' संस्कृतबाट आएका हुन् र यिनको तद्भव रूप नेपालीमा आउँदा 'काठ', 'रगत' वा 'रातो' हुन्छ भन्दा पनि ती विद्यार्थीहरूले "यो हाम्रो धर्मको शब्द होइन" भन्दै कान थुन्ने दिन नआउला भन्न सकिन्न !

एउटा भाषाको ऐतिहासिक विकासक्रम र त्यसको व्याकरणलाई नै धार्मिक सङ्कीर्णताको कसीमा राखेर तिरस्कार गर्ने यो प्रवृत्तिले हाम्रो समाज कता जाँदै छ र कस्तो मानसिक सङ्कीर्णताको भुमरीमा फस्दै छ भन्ने अकाट्य प्रमाण दिन्छ । ज्ञानको भण्डारलाई धर्मको घेराभित्र थुनेर हेर्ने हो भने भोलि हाम्रा सन्ततिहरूले आदिकवि भानुभक्तको रामायण, महाकवि लक्ष्मीप्रसाद देवकोटाका कालजयी कृतिहरू र पूर्वीय दर्शनका अमूल्य ज्ञानलाई पनि 'परमेश्वरविरोधी' ठानेर तिरस्कार गर्नेछन् ।

यो गम्भीर सांस्कृतिक र भाषिक सङ्कटप्रति अब राज्य, शिक्षाविद् र अभिभावकहरू बेलैमा सचेत हुन जरुरी छ । विद्यालयहरू ज्ञानका खुला मन्दिर हुन्, जहाँ सङ्कीर्णता होइन, सेवा गर्नुपर्छ भन्ने विचार बताउनुपर्छ । बालबालिकाको बालमस्तिष्कमा आफ्नो माटो, आफ्नो भाषा र आफ्नो पहिचानप्रति गौरवबोध गराउनुको सट्टा आयातीत कट्टरताको विष छर्ने काम कसैले पनि गर्नु हुँदैन । यदि हामीले आफ्ना रैथाने भाषिक जराहरूलाई धर्मको नाममा काट्दै जाने हो भने, भोलि पहिचानहीन र जडताले भरिएको समाज मात्र बाँकी रहनेछ । बेलैमा सोचौँ, सङ्कीर्णताको यो पर्खाल भत्काएर कक्षाकोठालाई ज्ञानको खुला आकाश बनाऔँ ।

# नेपालमा मृत्युको प्रमुख कारक बन्दै नसर्ने रोगः रोगको जोखिमलाई घटाउने उपाय 'पेन-डी प्याकेज'

नेपालमा नसर्ने रोगहरू (उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मुटु तथा रक्तनली र श्वासप्रश्वाससम्बन्धी रोग) समयअगावै हुने मृत्युका प्रमुख कारणका रूपमा देखापरेका छन् ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार कुल मृत्युको करिब ७१ प्रतिशत हिस्सा नसर्ने रोगका कारण हुने गरेको छ । साथै, सन् २०३० सम्म यो दर ७९ प्रतिशतसम्म पुग्ने प्रक्षेपण गरिएको छ । यस्ता रोगहरूले व्यक्ति, परिवार तथा समग्र स्वास्थ्य प्रणालीमा पर्ने भार निरन्तर बढाइरहेका छन् ।

स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालयद्वारा कार्यान्वयनमा ल्याइएको 'नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना (२०७८-२०८२)' अनुसार करिब २२ प्रतिशत नेपाली जनता नसर्ने रोगका कारण ३० देखि ७० वर्षको उमेर बिचमै अकाल मृत्युको जोखिममा छन् ।

पछिल्लो समय अधिकांश घरपरिवारमा कुनै न कुनै प्रकारका नसर्ने रोगका बिरामी भेटिन थालेका छन् । यद्यपि, २०७८ माघ २४ गते मन्त्रिपरिषद्बाट स्वीकृत उक्त महत्त्वाकाङ्क्षी कार्ययोजनाले अपेक्षित रूपमा नसर्ने रोग न्यूनीकरणमा उल्लेखनीय सुधार ल्याउन सकेको छैन ।

नेपालमा व्यक्तिगत घटना दर्ता प्रणाली पूर्ण रूपमा प्रभावकारी नभएकाले नसर्ने रोगसम्बन्धी राष्ट्रिय मृत्यु-दरका तथ्याङ्क प्राप्त गर्न अझै चुनौती रहेको छ ।

हाल करिब ५० प्रतिशत मृत्यु मात्र दर्ता हुने अनुमान गरिएको छ । सरकारी अस्पतालहरूको अन्तरङ्ग तथा बहिरङ्ग सेवामा आउने बिरामीहरूमध्ये ठुलो हिस्सा नसर्ने रोगसँग सम्बन्धित रहेको तथ्याङ्कले देखाएको छ ।

अर्कोतर्फ, भूकम्प, बाढी, पहिरो तथा जलवायुजन्य विपद्जस्ता जोखिमप्रति नेपालको उच्च संवेदनशीलताले कमजोर स्वास्थ्य सेवा प्रणालीलाई पटक-पटक प्रभावित बनाइरहेको छ । नसर्ने रोग भएका व्यक्तिहरूका लागि यस्ता अवरोधहरू झन् प्राणघातक बन्न सक्छन् । यसले नियमित उपचारमा अवरोध, औषधिको अभाव तथा गम्भीर स्वास्थ्य जटिलता निम्त्याउने गरेको छ ।

विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरूको उपचार सेवालाई निरन्तरता दिन विपद्का समयमा नसर्ने रोगसम्बन्धी अत्यावश्यक हेरचाह 'पेन-डी प्याकेज' तयार गरिएको हो । यो 'प्याकेज'ले विपद्का बेला नसर्ने रोगको उपचारमा देखिने महत्त्वपूर्ण कमी तथा अवरोधलाई सम्बोधन गर्ने उद्देश्य राख्दछ । नेपालले प्राथमिक स्वास्थ्य सेवामार्फत नसर्ने रोग व्यवस्थापनका लागि विश्व स्वास्थ्य सङ्गठनको 'अत्यावश्यक नसर्ने रोग उपचार प्याकेज' (डब्लुएचओ - पेन) अवलम्बन गरिसकेको भए पनि विपद्का समयमा त्यसलाई प्रभावकारी रूपमा सञ्चालन गर्न अझै पर्याप्त तयारी र संरचना आवश्यक रहेको देखिएको छ ।

'पेन-डी प्याकेज' ले विद्यमान राष्ट्रिय स्वास्थ्य प्रणाली र 'प्रोटोकल'लाई आधार मानेर आपत्कालीन अवस्थालाई ध्यानमा राख्दै सेवाको दायरा विस्तार गर्न सहयोग गर्दछ । यसले नियमित स्वास्थ्य प्रणाली अवरुद्ध भए पनि अत्यावश्यक नसर्ने रोगसम्बन्धी सेवाहरू उपलब्ध, सञ्चालनयोग्य र प्रभावकारी रहने सुनिश्चित गर्दछ । नयाँ 'क्लिनिकल' मापदण्ड थप गर्नुको सट्टा यसले उपचार सेवाको निरन्तरतामा विशेष जोड दिन्छ ।

साथै, विपद्अघि, विपद्को समयमा र विपद्पश्चात् औषधि, निदान सेवा, दक्ष जनशक्ति तथा सेवा प्रवाह प्रणालीलाई सक्रिय र सुदृढ राख्न सहयोग पुर्‍याउँछ ।

'पेन-डी प्याकेज' मुख्य रूपमा एक व्यावहारिक तथा एकीकृत कार्यढाँचा हो, जसले नसर्ने रोगसम्बन्धी सेवाहरूलाई विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनःस्थापनाका गतिविधिसँग जोड्दछ । यसअन्तर्गत जोखिम नक्साङ्कन, उच्च जोखिममा रहेका बिरामीहरूको पहिचान, आवश्यक औषधि तथा परीक्षण सामग्रीको पूर्व भण्डारण, मोबाइल तथा विकेन्द्रीकृत स्वास्थ्य सेवा सञ्चालन, स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाको क्षमता अभिवृद्धि, र बिरामीहरूलाई स्व-हेरचाहसम्बन्धी मार्गदर्शन प्रदान गर्ने व्यवस्था समावेश गरिएको छ ।

यसले स्वास्थ्य तथा विपद् व्यवस्थापन प्रणाली बिचको समन्वयलाई प्राथमिकता दिँदै समुदायदेखि स्वास्थ्य संस्था र राष्ट्रिय स्तरसम्मको प्रतिकार्य संयन्त्रलाई जोड्दछ । यसरी 'पेन-डी प्याकेज' ले नसर्ने रोगसम्बन्धी सेवाहरूलाई समुदायस्तरीय स्वास्थ्य सेवासँग एकीकृत गरी विपद्को कठिन परिस्थितिमा पनि सेवा निरन्तरता कायम राख्न सक्षम प्रणाली निर्माणमा सहयोग पुर्‍याउँछ ।

विपद् व्यवस्थापन चक्रका सबै चरणमा 'पेन-डी प्याकेज' को भूमिका अत्यन्त महत्त्वपूर्ण छ । विपद्अघि यसले जोखिममा रहेका व्यक्तिको पहिचान, औषधि भण्डारण, स्वास्थ्यकर्मी तालिम तथा समुदाय सचेतनामार्फत तयारीलाई सुदृढ बनाउँछ । साथै, बिरामीलाई स्व-व्यवस्थापन र आपत्कालीन 'किट' मार्फत सशक्त बनाइन्छ भने स्वास्थ्य संस्थाहरूलाई आपूर्ति प्रणाली र समन्वय सुदृढ गर्न सहयोग गरिन्छ ।

त्यसैगरी, पूर्वानुमानमा आधारित पूर्वकार्यअन्तर्गत बाढी वा पहिरोजस्ता सम्भावित विपद्को पूर्वसूचना प्राप्त भएपछि दुई-चार हप्ताका लागि आवश्यक औषधिको पूर्ववितरण, घुम्ती स्वास्थ्य टोली परिचालन, सामुदायिक स्वास्थ्यकर्मी परिचालन तथा उच्च जोखिममा रहेका बिरामीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यहरू सञ्चालन गरिन्छ । सेवा प्रवाहका माध्यममा 'पेन-डी प्याकेज' किट, औषधि, नगद वा नगद-सहितको सहयोग, जनचेतना तथा क्षमता विकास कार्यक्रमहरू पनि समावेश गरिएका छन् ।

विपद्को समयमा नसर्ने रोगसम्बन्धी सेवा प्रभावकारी रूपमा निरन्तर सञ्चालन गर्न पूर्वसूचना तथा पूर्वकार्य प्रणालीलाई स्वास्थ्य सेवासँग एकीकृत गरिएको छ । बाढी तथा पहिरोजस्ता जोखिमसम्बन्धी पूर्वानुमानलाई पूर्वनिर्धारित 'ट्रिगर' सँग जोडेर आवश्यक तयारी तथा सेवा सञ्चालन प्रक्रिया सक्रिय गरिन्छ । यसले समयमै सूचना प्रवाह, औषधिको पूर्व भण्डारण तथा स्वास्थ्य टोली परिचालन सुनिश्चित गर्दछ ।

साथै, पूर्वसूचना प्रणालीमा उच्च जोखिममा रहेका बिरामीहरूको सूची, स्वास्थ्य संस्थाको तयारी अवस्था तथा आपूर्ति शृङ्खलासम्बन्धी सूचकहरू समावेश गरिएका छन् ।

विपद्को समयमा 'मोबाइल क्लिनिक', 'टेलिमेडिसिन', समुदायमा आधारित अनुगमन तथा पूर्व भण्डारित सामग्री वितरणमार्फत सेवा निरन्तरता सुनिश्चित गरिन्छ । अग्रपङ्क्तिका स्वास्थ्यकर्मी तथा स्वयम्सेवकहरूले आधारभूत परीक्षण, परामर्श तथा अनुगमन सेवा प्रदान गर्दछन् । मस्तिष्काघात (स्ट्रोक) वा मधुमेहजन्य जटिलताजस्ता आपत्कालीन अवस्थाका लागि आवश्यक 'रेफरल' प्रणालीसमेत सञ्चालनमा राखिन्छ । विपद्पश्चात् नियमित सेवा पुनःस्थापना, उपचार अवरोधका कारण उत्पन्न जटिलताको व्यवस्थापन तथा सिकाइलाई भावी योजनामा समावेश गरिन्छ ।

'पेन-डी प्याकेज' ले समावेशिता र समानतालाई पनि प्राथमिकता दिन्छ । विशेषगरी ज्येष्ठ नागरिक, फरक क्षमता (अपाङ्गता) भएका व्यक्ति तथा सीमित गतिशीलता भएका व्यक्तिहरूलाई प्राथमिकतामा राखेर 'कोही पनि पछाडि नछुटोस्' भन्ने अवधारणालाई व्यवहारमा उतारिएको छ । समुदायको सहभागिता, कार्य विभाजन तथा विकेन्द्रीकृत सेवा प्रवाहमार्फत स्थानीय क्षमताको उपयोग गर्दै सामुदायिक उत्थानशीलता सुदृढ बनाइन्छ । मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग, सुरक्षित आश्रयस्थल तथा बिरामी-केन्द्रित सेवा कार्यढाँचाले यसको प्रभावकारिता अझ बढाउँछ ।

राष्ट्रिय स्तरमा 'पेन-डी प्याकेज' को अवलम्बन नेपाल सरकारका लागि रणनीतिक आवश्यकता र अवसर दुवै हो । यसले परम्परागत रूपमा आकस्मिक रोगमा केन्द्रित विपद् व्यवस्थापन प्रणालीमा दीर्घकालीन नसर्ने रोगसम्बन्धी सेवाहरूलाई समेट्दै नीति तथा कार्यान्वयनका कमीहरू पूर्ति गर्दछ । साथै, विश्वव्यापी स्वास्थ्य सेवा पहुँच तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग पनि मेल खान्छ ।

देशव्यापी रूपमा 'पेन-डी प्याकेज' को विस्तारले सङ्घीयदेखि स्थानीय तहसम्म तथ्यमा आधारित तथा मापदण्डयुक्त कार्यान्वयन सुनिश्चित गर्नेछ । यसले स्वास्थ्य संस्था, आपत्कालीन प्रतिकार्य प्रणाली तथा सामुदायिक सञ्जाललाई विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरूको सुरक्षा र उपचार निरन्तरताका लागि सक्षम बनाउनेछ ।

साथै, यसले दीर्घकालीन आर्थिक तथा सामाजिक भार घटाउँदै मृत्यु तथा जटिलता न्यूनीकरणमा सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ ।

'पेन-डी प्याकेज' नेपालमा स्वास्थ्य तथा विपद् प्रतिकार्य प्रणालीका लागि समयसापेक्ष तथा अत्यावश्यक नवीन पहल हो । यसले नियमित नसर्ने रोगसम्बन्धी सेवा र आपत्कालीन प्रतिकार्यबिचको खाडल पूरा गर्दै सेवा निरन्तरता, समानता तथा उत्थानशीलता सुनिश्चित गर्दछ । यसको संस्थागत अवलम्बनले जोखिममा रहेका समुदायको संरक्षण, स्वास्थ्य प्रणालीको तयारी सुदृढीकरण तथा विपद्को बिच पनि सुरक्षित भविष्य निर्माणमा महत्त्वपूर्ण योगदान पुर्‍याउनेछ ।

'पेन-डी प्याकेज' स्वास्थ्य तथा स्वच्छता मन्त्रालयको मार्गदर्शन तथा सहयोगमा स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखासँगको सहकार्य तथा नेपाल रेडक्रस सोसाइटीको नेतृत्वमा विकास गरिएको हो । उक्त प्याकेज निर्माणमा डेनिस रेडक्रस, क्यानाडियन रेडक्रस तथा आरहुस विश्वविद्यालयबाट प्राविधिक सहयोग र नोभो नर्डिस्क फाउन्डेसनबाट आर्थिक सहयोग प्राप्त भएको थियो ।

**'पेन-डी प्याकेज' : सफल अभ्यास, सबै पालिकामा कार्यान्वयन आवश्यक**

नेपाल रेडक्रस सोसाइटीले बर्सेनि बाढी तथा डुबानको उच्च जोखिममा रहेका कैलालीको भजनी नगरपालिका र कञ्चनपुरको लालझाडी गाउँपालिकामा 'उत्थानशील नसर्ने रोगः पश्चिम नेपालका विपद्-सम्भावित नगरपालिकाहरूमा नसर्ने रोग उपचार सेवाको उत्थानशीलता सुदृढीकरण' कार्यक्रम सञ्चालन गरेको थियो ।

कार्यक्रमको मुख्य उद्देश्य विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरूलाई निरन्तर स्वास्थ्य सेवा उपलब्ध गराउने तथा स्थानीय स्वास्थ्य प्रणालीको क्षमता अभिवृद्धि गर्नुरहेको थियो ।

दुईवर्षे परियोजनाअन्तर्गत हालै विपद्को समयमा 'पेन-डी प्याकेज' प्याकेजको परीक्षण तथा कार्यान्वयन तयारीका लागि कृत्रिम घटना अभ्यास सम्पन्न गरिएको थियो । विभिन्न प्रोटोकलहरूलाई आठवटा परिदृश्यमा आधारित अभ्यासमार्फत परीक्षण गरिएको थियो । अभ्यासमा पालिका, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, विषयगत शाखा, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य संस्था, स्थानीय समुदाय तथा विपद् व्यवस्थापन समितिको सक्रिय सहभागिता रहेको थियो ।

परियोजनालाई स्थानीय तह तथा प्रभावित समुदायले सफल अभ्यासका रूपमा मूल्याङ्कन गरेका छन् । भजनी नगरपालिकाका प्रमुख केवल चौधरीका अनुसार नगरपालिकाका नौवटै वडा बाढी तथा डुबानको उच्च जोखिममा रहेका छन् । विगत केही वर्षदेखि बाढी र डुबानका कारण मानवीय तथा भौतिक क्षति दोहोरिँदै आएको छ ।

उहाँका अनुसार पछिल्लो समय नसर्ने रोगको बढ्दो भारले बाढीको समयमा समुदायलाई झन् बढी जोखिममा पारेको छ । उहाँले भन्नुभयो, "नसर्ने रोगको समस्या निरन्तर बढिरहेको छ । यसको प्रभाव न्यूनीकरण गर्न 'पेन डी प्याकेज' प्रभावकारी उपाय बन्न सक्छ । आगामी वर्षदेखि यसलाई नगरपालिकाको नीति तथा कार्यक्रममा समावेश गर्ने तयारी गरेका छौँ ।"

त्यस्तै, लालझाडी गाउँपालिकाका अध्यक्ष निर्मल रानाले 'रेजिलियन्स नसर्ने रोग उपचार सेवा' परियोजना कार्यान्वयनपछि नसर्ने रोगसम्बन्धी धेरै जानकारी र अनुभव प्राप्त भएको बताउनुभयो । उहाँले भन्नुभयो, "सरुवा रोगभन्दा नसर्ने रोगले मानिसलाई धेरै प्रभावित बनाइरहेको छ । उपचार खर्च पनि दिनानुदिन महँगो हुँदै गएको छ । झन् विपद्को समयमा यस्ता बिरामीको सेवा निरन्तरता सुनिश्चित गर्नु ठुलो चुनौती बन्छ । त्यसैले 'पेन डी प्याकेज' लाई आगामी नीति तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरेका छौँ । यसमा सङ्घीय र प्रदेश सरकारको सहयोग आवश्यक छ ।"

इपिडिमियोलोजी तथ रोग नियन्त्रण महाशाखा, सामुदायिक स्वास्थ्यविज्ञ डा. सबिन पराजुली तथा व्यवस्थापन महाशाखाका सुदीप आलेमगर 'पेन डी प्याकेज' प्रमाणीकरण तथा स्वास्थ्य प्रणालीभित्र आबद्ध गरेर सबै पालिकामा कार्यान्वयन आवश्यक रहेकामा जोड दिनुभयो ।

***रासस***





भक्तपुर युवा टीमको आयोजनामा २०८३ जेठ ६-१६ गते हुने भक्तपुर नगरपालिका अन्तरवडा फुटसल प्रतियोगिताअन्तर्गत आइतबार भनपा वडा नं. २ स्थित सहिद स्मृति खेल मैदानमा भएको खेलमा खेलिरहेका खेलाडी र दर्शकहरू । *तस्बिर : मजदुर दैनिक*

# चीनमा नेपाललाई ‘सबैभन्दा आकर्षक पर्यटकीय गन्तव्य’ को सम्मान

काठमाडौँ, १० जेठ । चीनको ग्वाङ्झाउमा नेपाललाई ‘मोस्ट चार्मिङ टुरिज्म डेस्टिनेसन’ अर्थात् ‘सबैभन्दा आकर्षक पर्यटकीय गन्तव्य’को सम्मान प्रदान गरिएको छ । चीनको ग्वाङ्झाउमा यही मे २१ देखि २३ सम्म आयोजित ग्वाङ्झाउ अन्तर्राष्ट्रिय पर्यटन मेलामा नेपाललाई सो सम्मान प्रदान गरिएको हो ।

नेपालको प्राकृतिक सौन्दर्य, आध्यात्मिकता, सांस्कृतिक विविधता तथा साहसिक पर्यटनको आकर्षणका आधारमा नेपाललाई उक्त सम्मान प्रदान गरिएको नेपाल पर्यटन बोर्डले जनाएको छ ।

नेपाल पर्यटन बोर्डले तीनदिने अन्तर्राष्ट्रिय पर्यटन मेलामा ‘नेपाल: अ लाइफटाइम एक्सपेरियन्स’ अर्थात् ‘नेपाल: जीवनभरको अनुभव’ भन्ने नारासहित नेपालको सहभागिता समन्वय गरेको थियो । मेलामा नेपालले सांस्कृतिक, धार्मिक, साहसिक, आउटडोर तथा लक्जरी पर्यटनका विविध सम्भावनाबारे अन्तर्राष्ट्रिय आगन्तुक तथा ट्राभल ट्रेड व्यवसायीलाई जानकारी गराएको थियो ।

चीनको ग्वाङ्झाउ सहर हङकङ तथा ग्रेटर बे एरिया नजिकको प्रमुख व्यापारिक तथा पर्यटन केन्द्र भएकाले नेपाली पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण बजारका रूपमा हेरिएको छ । विशेषगरी वेलनेस, धार्मिक, सांस्कृतिक र लक्जरी पर्यटनका क्षेत्रमा चिनियाँ पर्यटक आकर्षित गर्ने सम्भावना उच्च रहेको नेपाल पर्यटन बोर्डले जनाएको छ ।

मेलाको उद्घाटन दिन २१ मे मा नेपाली सांस्कृतिक नृत्य प्रस्तुति तथा गन्तव्य नेपालसम्बन्धी विशेष प्रस्तुति आयोजना गरिएको थियो । उक्त कार्यक्रममा नेपाली कला, संस्कृति र पर्यटन सम्पदाबारे चिनियाँ आगन्तुक तथा पर्यटन व्यवसायीलाई जानकारी गराइएको थियो ।

उद्घाटन सत्रमा नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक विमल कँडेलले नेपालको पर्यटन सम्भावना, गन्तव्य र प्रवर्द्धन रणनीतिबारे ‘कन्ट्री प्रेजेन्टेसन’ दिनुभएको थियो । उहाँले नेपालको पर्यटन बजार विस्तार रणनीतिबारे आयोजित प्यानल छलफलमा सहभागिता जनाउनुभएको थियो ।

उक्त मेलामा नेपालका आठ पर्यटन व्यवसायी कम्पनी सहभागी हुनुभएको थियो । सहभागी कम्पनीले ट्रेकिङ, भ्रमण, होटल तथा आतिथ्य सेवासम्बन्धी प्याकेजहरूबारे चिनियाँ तथा अन्तर्राष्ट्रिय पर्यटन व्यवसायीलाई जानकारी गराउनुभएको थियो ।

हाल नेपाल वायुसेवा निगम र चाइना साउदर्न एयरलाइन्सले काठमाडौँ-ग्वाङ्झाउ सिधा उडान सञ्चालन गरिरहेका छन् । यसले नेपाल र चीनबिचको पर्यटन पहुँच विस्तार हुनाका साथै चिनियाँ पर्यटक आगमन बढाउन सहयोग पुग्ने विश्वास नेपाल पर्यटन बोर्डले लिएको छ । ***(रासस)***

# क्यान अध्यक्ष चन्दमाथि आर्थिक अनियमितताको गम्भीर आरोप

काठमाडौँ, १० जेठ । नेपाल क्रिकेट सङ्घ (क्यान) का अध्यक्ष चतुरबहादुर चन्दमाथि आर्थिक अनियमितताको आरोप लागेको छ । ती आरोपको विषयमा स्पष्ट पार्दै जवाफ दिनका लागि राष्ट्रिय खेलकुद परिषदले चन्दलाई पाँच दिनभित्र प्रमाणित कागजातको विवरण मागेको छ ।

यसअघि चन्दमाथि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो ।
अख्तियारको पत्रपछि मन्त्रालयले राष्ट्रिय खेलकुद परिषद्लाई पत्राचार गर्दै छानबिन प्रतिवेदनसहित कागजात उपलब्ध गराउन पत्राचार गरेको थियो ।

मन्त्रालयले खेलकुद परिषद्मा पत्राचार गरेपछि सदस्यसचिव रामचरित्र मेहताले जेठ ७ गते क्यान अध्यक्षलाई प्रमाणित विवरण माग गर्ने निर्णय गरेका थिए ।

चन्दमाथि आर्थिक अनियमितता र सवारी साधनको दुरूपयोगको पहिलो आरोप लागेको छ । खेलकुद परिषद्को पत्रमा उल्लेख भएअनुसार विभिन्न ठाउँ र व्यक्तिबाट रकम सङ्कलन गरी गाडी खरिद गरेको, तर उक्त निजी गाडी क्यानलाई भाडामा दिएर त्यसको इन्धन, चालक र मर्मत खर्च क्यानबाटै व्यहोरेको आरोप छ । साथै, गाडी हुँदाहुँदै हवाई यात्रा गर्ने र क्यानबाट दैनिक भत्तासमेत लिने गरेको उल्लेख छ ।

यस्तै व्यक्तिगत खर्च संस्थाको नाममा गराएको अर्को आरोप छ । काठमाडौँको अनामनगरस्थित एक रेस्टुरेन्टमा आफ्ना आफन्त र साथीभाइलाई खुवाएको मद्यपान र खानाको बिल क्यानको नाममा भुक्तानी गराएको आरोप छ । विभिन्न आपूर्तिकर्ताहरूसँग आर्थिक लेनदेन गर्ने र फ्लेक्स सामग्रीको बिल महँगोमा तिराई बढी रकम आफैले बुझ्ने गरेको पनि भनिएको छ ।

विदेश भ्रमण र विश्वकपमा अनियमितता भएको विषयमा पनि विवरण माग गरिएको छ । अध्यक्षले क्यानको ढुकुटीबाट मोटो रकम लिएर अत्यधिक विदेश भ्रमण गर्ने गरेको र अमेरिकामा भएको विश्वकपका क्रममा आफ्नी श्रीमती र कोषाध्यक्षकी श्रीमतीलाई समेत क्यानको खर्चमा लगेको आरोप छ । अध्यक्ष ‘डाक्टर’ कोटामा गएर संस्था र राष्ट्रको बदनाम गरेको तथा असम्बन्धित व्यक्तिहरूलाई भिसा दिलाएर आर्थिक लाभ लिएको समेत दाबी गरिएको छ ।

टिकट र जर्सी बिक्रीमा अपारदर्शिता भएको पनि बताइएको छ । विश्वकपका लागि सङ्कलित रकम खेलाडीलाई वितरण नगरेको, जर्सी र टिकट वितरणमा व्यापक अनियमितता भएको र त्यसबाट प्राप्त आम्दानी क्यानको आर्थिक अभिलेखमा नदेखाई लुकाएको आरोप छ ।

कर्मचारी भर्ना र नियुक्तिमा नातावाद गरिएको विषयमा पनि राष्ट्रिय खेलकुद परिषद्ले अनुसन्धान गर्ने भएको छ । योग्यताको आधारमा नभई आफ्नै जिल्लाका व्यक्तिहरूलाई लेखा, प्रशासन र ग्राउन्डका विभिन्न पदमा नियुक्ति गरेको र बोर्डमा छलफल नगरी मनमानी ढङ्गले टोली व्यवस्थापक र अन्य अफिसियलहरू नियुक्त गरेको आरोप छ ।

राजनीतिक गतिविधि र सरकारी भत्ताको दुरूपयोगमा खेलकुद परिषद्ले विवरण माग गरेको छ । अध्यक्षको स्वकीय सचिवले क्यानको कर्मचारी भएर पनि सङ्घीय निर्वाचनमा पार्टीको प्रचार गरेको र अध्यक्ष आफैले पनि अपाङ्गता भएको झूटो दाबी गरी सरकारी पेन्सन बुझ्ने गरेको तर राजनीतिमा सक्रिय रहेको जस्ता आरोपहरू लगाइएको छ ।

साधारणसभामा नियमविपरीत सहभागिताको विषयमा छानबिन हुने भएको छ । विधानले तोकेभन्दा बाहिरका व्यक्तिहरूलाई साधारणसभामा सहभागी गराई संस्थालाई थप आर्थिक भार पारेको आरोप छ ।

यी विषयमा राष्ट्रिय खेलकुद परिषद्ले ५ दिनभित्र सत्यतथ्य राय-प्रतिक्रिया र सोसँग सम्बन्धित प्रमाणित कागजातहरू बुझाउन क्यानलाई पत्र काटेको छ ।

***सम्भावित...***

प्रगतिमा इरानको राष्ट्रिय गरिमा, सशस्त्र बलको दृढता, इरानी जनताको प्रतिरोध तथा पाकिस्तानी मध्यस्थकर्ताहरूको सक्रिय पहलले भूमिका खेलेको छ ।

फाइनान्सियल टाइम्सको प्रतिवेदनअनुसार अमेरिका र इरान ६० दिनसम्म युद्धविराम विस्तार गर्ने सहमतिमा पुग्ने चरणनजिक छन् । सम्भावित सम्झौताअन्तर्गत हर्मुज जलडमरुलाई क्रमिक रूपमा पुनः सञ्चालनमा ल्याउने तथा इरानको उच्चस्तरमा समृद्ध पारिएको युरेनियम भण्डारलाई कमजोर बनाउने वा अन्यत्र स्थानान्तरण गर्ने प्रतिबद्धता समावेश हुन सक्ने उल्लेख गरिएको छ ।

बदला स्वरूप अमेरिकाले इरानी बन्दरगाहमाथिको नाकाबन्दी सहज बनाउने, साथै विदेशमा रोक्का राखिएको तेहरानको सम्पत्तिमा राहत वा फ्रिज हटाउनेतर्फ सहमत हुन सक्ने जनाइएको छ ।

यसैबिच, इरान र पाकिस्तानले संयुक्त राज्य अमेरिकासमक्ष युद्ध अन्त्य गर्ने र हर्मुज जलडमरु पुनः खोल्ने उद्देश्यसहित संशोधित प्रस्ताव पेस गरेका छन् । अल जजिराले आफ्ना स्रोतहरूलाई उद्धृत गर्दै आइतबारसम्म वासिङटनबाट प्रतिक्रियाको प्रतीक्षा भइरहेको जनाएको छ ।

मध्यस्थकर्ताहरूले इरानी प्रतिनिधिमण्डलसँग छलफल गरिरहँदा अमेरिकी दूत स्टिभ विटकफसँग पनि नियमित सम्पर्क कायम राखिएको बताइएको छ । फाइनान्सियल टाइम्सका अनुसार इरानी पक्षको प्रतिनिधिमण्डलको नेतृत्व संसदीय सभामुख मोहम्मद बाघेर गालिबफ र विदेशमन्त्री अब्बास अराघचीले गरेका थिए ।

हार्दिक समवेदना



जन्म
१९९७/०१/०१

स्वर्गारोहण
२०८३/०१/३१

यस संस्थाका सदस्य राजाराम बोहजुका पूजनीय हजुरबुबा तथा ले.सु.स. संयोजक कृति बोहजुका जिजुबाजे **नारायणभक्त बोहजु**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सम्पद् बचत तथा ऋण सहकारी संस्था लि.**
कमलविनायक-९, भक्तपुर

सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
- विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,

सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक समवेदना



जन्म
२०११/०७/२१

निधन
२०८३/०२/०२

हाम्रा हितैषी मित्र लक्ष्मीनारायण कोजुका पूजनीय पिता **कान्छा कोजु**को दु:खद निधन भएको आज दसौं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**तुमचो पासा पुचः का साथीहरू**

| | | |
|---|---|---|
| हरिकृष्ण साखकर्मी | न्हुछेबहादुर छ्वाजु | रामहरि कासिछ्वा |
| श्यामसुन्दर छ्वाजु | कृष्णबहादुर कासिछ्वा | उज्ज्वल गोसाई |
| राजुप्रसाद ज्याख्व | विजयकृष्ण गोसाई | विकेश छ्वाजु |
| कृष्णप्रसाद छ्वाजु | गणेशमान कोजु | निजन ज्याख्व |
| लक्ष्मीनारायण ज्ञामरु | सहदेव सिजख्व | अजित ज्याख्व |
| सुनिल बोहजु | चन्द्रराम दुवाल | विक्रम कोजु |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा